बरेङ गाउँपालिका गाउँसभाको १५औं अधिवेशनबाट पारित

# आ.व. २०८२/०८३ को

# नीति तथा कार्यक्रम एवम् बजेट

# आर्थिक ऐन, २०८२

# विनियोजन ऐन, २०८२

**प्रमुख संरक्षक**

कृष्ण प्रसाद शर्मा

अध्यक्ष, बरेङ गाउँपालिका

**संरक्षक**

दिलिप कुमार पुन

उपाध्यक्ष, बरेङ गाउँपालिका


**प्रकाशक**

**बरेङ गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

**हुग्दिशिर,बागलुङ**

# नीति तथा कार्यक्रम एवम् बजेट

## आर्थिक ऐन, २०८२

### सम्पादक मण्डल

खड्ग वि.क.

*प्रमुख प्रशासकीय अधिकृत*

*बरेङ गाउँपालिका*

सुर्य प्रसाद शर्मा

शिक्षा अधिकृत (सातौं)

केशवराज क्षेत्री

*रोजगार संयोजक*

*संगिता शर्मा*

*सहायक लेखा अधिकृत*

*राजन चालिसे*

*एम. आई.एस. अपरेटर*

### प्रकाशक

*बरेङ गाउँ पालिका*

*गाउँ कार्यपालिकाको कार्यालय*

*हुगिदशिर,बागलुङ*

अध्यक्ष : ९८५७६२२५५१, उपाध्यक्ष : ९८५११७०४५८

प्रमुख प्रशासकीय अधिकृत : ९८५७६३२३२८ इमेल : barengrm@gmail.com



# कृष्ण प्रसाद शर्मा
**अध्यक्ष**

## अध्यक्षको मन्तव्य

बरेङ गाउँपालिकाका सम्मानित बासिन्दा, जनप्रतिनिधि, राष्ट्रसेवक कर्मचारी तथा सरोकारवाला महानुभावहरू,

नेपालको संविधानले परिकल्पना गरेको स्थानीय शासन प्रणाली जनताको सरकार, जनताको पहुँच र जनताको अपेक्षाको आधारभूत संरचना हो। स्थानीय तह नागरिकको जीवनस्तर उकास्ने, सेवा प्रदान गर्ने र विकासका सपना साकार पार्ने सबैभन्दा नजिकको सरकार हो।

२०६२/६३ को ऐतिहासिक जनआन्दोलनको जगमा निर्माण भएको लोकतान्त्रिक गणतन्त्र अहिले कार्यान्वयनको गतिशील चरणमा छ। दोस्रो संविधान सभाबाट जारी नेपालको संविधान जनताको लामो सङ्घर्षको परिणाम हो, जसको कार्यान्वयन र संरक्षण गर्नु हाम्रो साझा दायित्व हो। वि.स. २०७४ मा पहिलो पटक सम्पन्न स्थानीय तहको निर्वाचन र त्यसपछि २०७९ वैशाख ३० मा सम्पन्न दोस्रो निर्वाचनमार्फत हामी नयाँ उत्साह र जिम्मेवारीसहित अघि बढिरहेका छौं।

**हाम्रो जिम्मेवारी र दृष्टिकोण**

स्थानीय सरकारको पहिलो चरणको अनुभवले शासन प्रणालीमा देखिएका चुनौती र अनिश्चितताहरूलाई स्पष्ट पथमा डोर्‍याएको छ। जनतामुखी विकास र पारदर्शी सेवा प्रवाहलाई प्राथमिकतामा राख्दै, अब हाम्रो काँधमा "समृद्ध बरेङ, सुखी बरेङवासी" को सपना साकार पार्ने गम्भीर जिम्मेवारी छ। यस अभियानमा जनप्रतिनिधि, कर्मचारी, राजनीतिक दल, समाजसेवी र सम्पूर्ण बरेङवासीको सहकार्य अपरिहार्य छ।

**बजेट र कार्यक्रमको दृष्टिकोण**

आर्थिक वर्ष २०८२/८३ का लागि तयार पारिएको बजेट, नीति तथा कार्यक्रम हाम्रो भविष्यको स्पष्ट मार्गचित्र हो। यसमा सभा सदस्य, पूर्व जनप्रतिनिधि, राजनीतिक दल, सरोकारवाला निकाय, स्थानीय वासिन्दा

तथा विज्ञहरूका सुझाव र सल्लाहलाई समावेश गरिएको छ। दफावार छलफल, विषयगत बैठक र अन्तर्क्रियाबाट प्राप्त रायलाई आत्मसात् गर्दै यो बजेटलाई जनमुखी, व्यावहारिक र प्रभावकारी बनाउन प्रयास गरिएको छ।

हामी स्पष्ट छौँ‘ योजना निर्माण मात्र पर्याप्त होइन, यसको सफल कार्यान्वयन नै हाम्रो मुख्य लक्ष्य हो। त्यसैले, हामीले पारदर्शी प्रक्रिया, जिम्मेवार प्राविधिक प्रणाली र सक्रिय नागरिक सहभागितालाई आधार बनाएका छौँ।

**विकासको प्राथमिकता र प्रतिबद्धता**

गाउँपालिकाको दैनन्दिन कार्यलाई भ्रष्टाचारमुक्त, पारदर्शी र मितव्ययी बनाउन डिजिटल प्रविधि र नवीन उपायहरूको प्रयोगलाई निरन्तरता दिइएको छ। “सिप र आत्मनिर्भरता”, “हरियो वन र जैविक पर्यटन”, “बिना विनाश, वातावरणमैत्री विकास”, “शिक्षामा प्रविधि, बरेङमा समृद्धि” जस्ता नाराहरूलाई आधार बनाउँदै कृषि, स्वास्थ्य, शिक्षा, वन, पर्यटन र पूर्वाधार क्षेत्रमा विशेष प्राथमिकता दिइएको छ।

हाम्रो लक्ष्य दीगो, समावेशी र आत्मनिर्भर विकास हो। यसका लागि हरेक कर्मशील जनतालाई प्रोत्साहन गर्ने र उनीहरूको सशक्त सहभागितामा गाउँपालिकाको पहिचान थप उचाइमा पुर्याउने दृढ सङ्कल्प लिएका छौँ।

बरेङ गाउँपालिकाको बजेट, नीति तथा कार्यक्रम तयार पार्न सहयोग गर्ने गाउँपालिका उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, वडा अध्यक्ष र सदस्यहरू, कार्यपालिका सदस्य, राष्ट्रसेवक कर्मचारी, समाजसेवी तथा स्थानीय बासिन्दाहरू सबैप्रति म हार्दिक आभार व्यक्त गर्दछु।

अन्त्यमा, यो बजेट र कार्यक्रम केवल कागजमा सीमित नभई व्यवहारमै लागू हुने उद्देश्यका साथ, सम्पूर्ण बरेङवासी र सरोकारवाला निकायहरूको निरन्तर सहकार्यको अपेक्षा गर्दछु।

कृष्ण प्रसाद शर्मा

अध्यक्ष

## उपाध्यक्षको मन्तव्य

बरेङ गाउँपालिकाका सम्मानित वासिन्दा, जनप्रतिनिधि, राष्ट्रसेवक कर्मचारी तथा सरोकारवाला महानुभावहरू,

नेपालको संविधान २०७२ को प्रावधानअनुसार, स्थानीय निकायहरूको पुनःसंरचना गर्न गठन गरिएको उच्चस्तरीय आयोगको निर्णयबाट २०७३ पुष २७ गते यस बरेङ गाउँपालिकाको स्थापना भएको हो। साविकका धुल्लुबाँस्कोट, हुग्दिशिर, बाटाकाचौर, सल्यान र सुखौरा गाउँ विकास समितिहरूलाई समायोजन गरी बनेको यो गाउँपालिका ५ वटा वडामा विभाजित छ। जिल्ला सदरमुकामबाट करिब १८ कोष दूरीमा अवस्थित बरेङ गाउँपालिका भौगोलिक, सांस्कृतिक तथा प्राकृतिक सौन्दर्यले भरिपूर्ण सुन्दर गाउँपालिकाको रूपमा परिचित छ।

नेपालको संवैधानिक व्यवस्थाअनुसार स्थानीय सरकारलाई जनताको घरदैलोको सरकारका रूपमा परिभाषित गरिएको छ। स्थानीय तहको निर्वाचन पश्चात् बरेङ गाउँपालिकाले नागरिकका आवश्यकताअनुसार नीति, कार्यक्रम र बजेटमार्फत सेवा र विकास कार्यहरू अघि बढाउँदै आएको छ। आ.व. २०८२/८३ को बजेट पुस्तिका प्रकाशन गर्नुको उद्देश्य पनि गाउँपालिकाको कार्यक्रम, प्राथमिकता र आगामी कार्यदिशा जनतामाझ पारदर्शी ढङ्गले प्रस्तुत गर्नु हो।

हामी अहिले समृद्ध बरेङ र सुखी बरेङवासीको राष्ट्रिय आकाङ्क्षा पूरा गर्ने मार्गमा सक्रिय छौं। अल्पकालीन र दीर्घकालीन विकास योजनाहरूलाई प्राथमिकता दिँदै, जनताका पिरमर्का र गुनासाहरू नजिकबाट नियाल्दै तत्काल समस्या समाधान गर्न बरेङ गाउँपालिका प्रतिबद्ध रहँदै आएको छ।



**दिलिप कुमार पुन**
**उपाध्यक्ष**

गाउँपालिकाले भौतिक पूर्वाधार, यातायात, खानेपानी, शिक्षा, स्वास्थ्य, पर्यटन, उद्योग, कृषि, पशुपालन र रोजगारजस्ता क्षेत्रमा निरन्तर अग्रसरता देखाएको छ। विशेषगरी गरिब, दलित, अपाङ्गता भएका व्यक्ति, भौगोलिक तथा सामाजिक रूपमा पिछडिएका वर्गहरूको उत्थानका लागि योजनाबद्ध र लक्षित कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ।

विकासको मार्गमा हामीले "समस्या पहिचान, योजना निर्माण, कार्यान्वयन, मूल्यांकन" को चक्रलाई व्यवस्थित गर्दै, साविकका गाउँ विकास समितिहरूको तुलनामा उल्लेखनीय फड्को मार्न सफल भएका छौं । सङ्घीय शासन प्रणालीको मेरुदण्डको रूपमा स्थानीय सरकार अब दोस्रो कार्यकालको चौथो वर्षमा प्रवेश गरिसकेको छ। यस चरणमा हामी नागरिकका आकाङ्क्षालाई मूर्तरूप दिन नीतिगत र कार्यक्रमगत योजनाहरूलाई कार्यान्वयन तहमा लैजाने दृढ सङ्कल्प लिएका छौं।

यो नीति तथा कार्यक्रम र बजेट बस्ती तह, वडा, विषयगत समिति, श्रोत अनुमान तथा बजेट निर्धारण समिति हुँदै गाउँ कार्यपालिकाबाट गाउँ सभामा पेस भै सर्वसम्मत रूपमा पारित गरिएको हो। यसले नागरिकका मौलिक आवश्यकता, माग र आकाङ्क्षालाई सम्बोधन गर्ने विश्वास दिलाउँछ। यो बजेट पुस्तिका नागरिकको अधिकारलाई सशक्त पार्ने एक महत्वपूर्ण माध्यम बन्नेछ।

बरेङ गाउँपालिकाको समृद्धि हाम्रो साझा लक्ष्य हो। यसका लागि हामी समस्याको पहिचान, समाधान र विकासका स्पष्ट मार्गचित्रका साथ निरन्तर रूपमा सक्रिय रहनेछौं। जनताको आवश्यकता अनुसार काम गर्नु जनप्रतिनिधिको मूल दायित्व हो, जुन हामी कहिल्यै बिर्सिने छैनौं।

बजेट निर्माण र नीतिगत छलफलमा सक्रिय योगदान दिनुहुने गाउँपालिका अध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, वडा अध्यक्ष र सदस्यहरू, कार्यपालिका सदस्य, राष्ट्रसेवक कर्मचारी, राजनीतिक दलका प्रतिनिधि तथा सबै सरोकारवालाहरूलाई हार्दिक धन्यवाद व्यक्त गर्दछु। साथै, यो बजेट र कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि सबै पक्षबाट रचनात्मक सहयोग र सहकार्यको अपेक्षा गर्दछु।

दिलिप कुमार पुन
उपाध्यक्ष

## प्रमुख प्रशासकीय अधिकृतको मन्तव्य

मुलुकमा सङ्घीय शासन प्रणालीको अबलम्बनसँगै तीन तहका सरकारहरूबाट राज्य शक्तिको प्रयोग र अभ्यास भइरहेको छ। जसमध्ये जनताको सन्निकटमा रहेर स्थानीयतहहरूले कार्यसम्पादन गरिरहेका छन्।स्थानीय सरकार जनताका हरेक सुख र दुखमा जनतासँगसँगै हुन्छन्। नागरिकले स्थानीय तहसँग आधारभूत आवश्यकताको परिपूर्तिदेखि विकास निर्माणसम्मका अपेक्षाहरू राखेका हुन्छन्। सामाजिक सुरक्षा, सामाजिक न्याय, विपद व्यवस्थापन र विकास व्यवस्थापन देखि सामाजिक आर्थिक रुपान्तरणसम्मका दायित्व स्थानीय तहले निर्वाह गर्नुपर्ने संवैधानिक व्यवस्था छ। राज्य पुनर्संरचना र लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको स्थापना पश्चात जनताको बीचमा सरकारको उपस्थितिको प्रत्याभूत गराउने कार्य स्थानीय सरकारले गरेका छन्। जनताले प्रत्यक्ष रुपमा छानेका जनप्रतिनिधिहरू मार्फत शासन, विकास र सेवा प्रवाहको अभ्यास भइरहेको छ।

बरेङ गाउँपालिका “समृद्ध बरेङ, सुखी बरेङवासी” को दीर्घकालीन सोचसहित जनताको सेवामा निरन्तर रुपमा लागिरहेको छ। उपलब्ध स्रोतसाधन र विकासका लाभलाई समन्यायिक ढङ्गले आम नागरिकको पहुँचमा पुर्याउनु बरेङ गाउँपालिकाको प्रमुख ध्येय रहेको छ। जनसङ्ख्या, भूगोल र मानव विकासको अवस्थालाई मध्येनजर गरी सन्तुलित विकासको अवधारणालाई आत्मासात गर्नु बरेङको अपरिहार्यता हो। विगतका वर्षहरूमा कार्यान्वयन गरिएका नीति, योजना र कार्यक्रमबाट अनुभव लिँदै नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८,



**खड्ग वि.क**
**प्रमुख प्रशासकीय अधिकृत**

दीगो विकासका लक्ष्यको स्थानीयकरण लगायतका दस्तावेजहरूबाट प्राप्त मार्गदर्शन बमोजिम आगामी आ.व. २०८२।०८३ को नीति तथा कार्यक्रम र बजेट तर्जुमा गरी प्रकाशन गर्न लागिएको छ। यस सुखद उपलक्ष्यमा खुसी व्यक्त गर्दै बरेङवासी नागरिकहरूमा शुभकामना दिन चाहन्छु। यस प्रकाशनले बरेङवासी आम नागरिक र शुभचिन्तकहरूलाई बरेङ गाउँपालिकाको नीति तथा कार्यक्रम र बजेटको बारेमा सुसूचित गर्नेछ र त्यसले कार्यान्वयन पक्षलाई प्रभावकारी बनाउने अपेक्षा रहेको छ।

शासन विकास र सेवा प्रवाहलाई नागरिकमैत्री बनाउन केन्द्रित नीति तथा कार्यक्रम र बजेट तर्जुमाका विभिन्न चरणहरूमा अभिभावकीय भूमिका निर्वाह गर्नुहुने गाउँपालिका अध्यक्षज्यू, उपाध्यज्यू, सम्पूर्ण जनप्रतिनिधिहरू लगायत सकारात्मक र रचनात्मक सल्लाह सुझाव प्रदान गर्नुहुने महानुभावहरू सबैप्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछु। साथै निरन्तर कार्यसम्पादनसँगै अतिरिक्त समय खटिएर नीति तथा कार्यक्रम र बजेटलाई दस्तावेजीकरण गर्न महत्तम भूमिका खेल्नुहुने सम्पूर्ण कर्मचारीहरूप्रति हार्दिक आभार प्रकट गर्दछु।

खड्ग वि.क
प्रमुख प्रशासकीय अधिकृत

# विषयसूची


| क्र.सं. | विषय | पेज नं. |
|---|---|---|
| १ | वार्षिक नीति तथा कार्यक्रम | १-२० |
| २ | बजेट वक्तव्य | २१-२९ |
| ३ | चालु प्रशासनीक खर्च | ३०-३३ |
| ४ | गाउँपालिका स्तरीय, विषयगत शाखा र वडास्तरीय बजेट तथा कार्यक्रमहरु | ३४-५४ |
| - | गाउँपालिकास्तरीय योजना तथा कार्यक्रम | ३४-३५ |
| - | बरेङ गाउँपालिका - शिक्षा, युवा तथा खेलकुद शाखा | ३६-३७ |
| - | बरेङ गाँउपालिका - स्वास्थ्य शाखा | ३८-३९ |
| - | बरेङ गाँउपालिका - पशु सेवा शाखा | ४०-४१ |
| - | बरेङ गाँउपालिका - कृषि शाखा | ४२-४३ |
| - | बरेङ गाउँपालिका - महिला, वालवालिका तथा जेष्ठ नागरिक शाखा | ४४ |
| - | बरेङ गाउँपालिका - प्रशासन, योजना तथा अनुगमन शाखा | ४५ |
| - | बरेङ गाउँपालिका - रोजगार सेवा केन्द्र | ४६ |
| - | समपुरक, संघीय सरकारबाट हस्तान्तरित, संघ प्रदेश विशेष, समानीकरण योजना | ४७-४८ |
| - | बरेङ गाउँपालिका - १ नं. वडा कार्यालय, धुल्लुबाँस्कोट | ४९ |
| - | बरेङ गाउँपालिका - २ नं. वडा कार्यालय, हुग्दिशिर | ५० |
| - | बरेङ गाउँपालिका - ३ नं. वडा कार्यालय, बाटाकाचौर | ५१-५२ |
| - | बरेङ गाउँपालिका - ४ नं. वडा कार्यालय, सल्यान | ५३ |
| - | बरेङ गाउँपालिका - ५ नं. वडा कार्यालय, सुखौरा | ५४ |
| ७ | संघीय सरकारबाट हस्तान्तरित कार्यक्रमहरु | ५५-६१ |
| ८ | बरेङ गाउँपालिका आर्थिक ऐन, २०८२ | ६२-८१ |
| ९ | बरेङ गाउँपालिका विनियोजन ऐन, २०८२ | ८२-८९ |
| १० | गाउँपालिका पदाधिकारीहरुको विवरण | ९० |
| ११ | गाउँपालिका कर्मचारीहरुको विवरण | ९१-९२ |
| १२ | क्याम्पस, सामुदायिक तथा संस्थागत विद्यालयका प्र.अ. हरुको विवरण | ९२-९३ |
| १३ | स्वास्थ्य शाखा अन्तर्गतका कर्मचारीहरुको विवरण | ९४-९६ |

# बरेङ गाउँपालिकाको आ.व. २०८२/०८३ को वार्षिक नीति तथा कार्यक्रम

**गाउँसभाका सदस्यहरू ।**

१. जनताको घरदैलोको सरकारका रूपमा समर्पित यस बरेङ गाउँपालिकाको गरिमामय गाउँसभामा गाउँपालिका अध्यक्षको हैसियतमा आर्थिक वर्ष २०८२/०८३ को वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा अत्यन्तै खुसी महसुस गरेको छु।

२. यस अवसरमा मुलुकमा लोकतान्त्रिक गणतन्त्र स्थापना र देशभक्तिपूर्ण आन्दोलनमा देश र जनताको लागि प्राण उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात, अज्ञात सहिदहरूप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै, यस क्रममा घाइते हुनुभएका राष्ट्रप्रेमी व्यक्तित्व तथा उहाँहरूको परिवारजनहरूप्रति उच्च सम्मान प्रकट गर्दछु ।

३. हाम्रो सरकारले अवलम्बन गरेको "समृद्ध बरेङ सुखी बरेङवासी" को दीर्घकालीन सोच प्राप्तिका लागि समर्पित सम्पूर्ण जनप्रतिनिधीहरू, पूर्व जनप्रतिनिधिहरू, राजनैतिक दलहरू, कर्मचारीहरू, नागरिक समाज, सङ्घसंस्थाहरू, पत्रकारहरू, सुरक्षाकर्मी लगायत सबैमा हार्दिक आभार प्रकट गर्न चाहन्छु र आगामी दिनहरूमा समेत सोही प्रकारको सहयोगको अपेक्षा गर्दछु। साथै हाम्रो सरकारको वार्षिक नीति तथा कार्यक्रम तर्जुमाका क्रममा विभिन्न तह र तप्काबाट अमूल्य सुझाव प्रदान गर्नुहुने सम्पूर्ण बरेङवासी आमा, बुवा, दाजुभाइ तथा दिदी बहिनीहरू लगायत सबैप्रति हार्दिक कृतज्ञता सहित धन्यवाद व्यक्त गर्दछु।

**सभाका सदस्यहरू,**

म अब गाउँपालिकाको दीर्घकालीन विकास र समृद्धिको लक्ष्य प्राप्तिका लागि गरिएका महत्वपूर्ण प्रयास, अवसर र चुनौतीहरू उल्लेख गर्न चाहन्छु ।

**चालिएका कदम तथा महत्वपूर्ण प्रयासहरूः**

१. हाम्रो सरकारको अन्तिम गन्तव्य बरेङवासी नागरिकहरूको सुख र समृद्धि हासिल गर्नका लागि उपलब्ध सीमित स्रोत साधनको अत्यन्तै विवेकपूर्ण प्राथमिकीकरण, कुशल विनियोजन र दक्षतापूर्ण कार्यान्वयनमा जोड दिइएको छ।

२. गाउँपालिकाको न्यून आन्तरिक आयका कारण ठूला पूर्वाधारजन्य योजनाहरूको निर्माणमा सङ्घ तथा प्रदेश सरकारसँगको साझेदारीमा जोड दिइएको छ ।

३. मानव विकास तथा सामाजिक विकासलाई केन्द्रविन्दुमा राख्दै "शिक्षामा प्रविधि बरेङमा समृद्धि" भन्ने नाराको कार्यान्वयनका लागि बालविकास केन्द्रबाट नै प्रविधिमैत्री शिक्षण विधिको थालनी गरिएको छ।

४. गाउँपालिकाको तत्कालीन र दीर्घकालीन योजनाहरूबीच सम्बन्ध कायम गर्नका लागि गाउँपालिकाको आवधिक योजना, वार्षिक योजना र मध्यमकालीन खर्च संरचनाबीच अन्तरसम्बन्ध स्थापित गरिएको छ ।

५. तीन तहका सरकारबीच सहकारिता, सहअस्तित्व र समन्वय कायम गर्नुपर्ने संवैधानिक व्यवस्था अनुरूप सङ्घ र प्रदेश सरकारका वार्षिक नीति तथा कार्यक्रम, आवधिक योजनाहरूसँग गाउँपालिकाको नीति कार्यक्रम र बजेटबीच तादात्म्यता कायम गरिएको छ ।

६. सन्तुलित विकासको अवधारणा अवलम्बन गर्दै उपलब्ध प्रतिफल सबै बरेङवासी नागरिकाहरूमा

पुर्याउँदै सामाजिक न्याय सहितको समतामूलक समाज निर्माणको प्रयास गरिएको छ।

७. निर्वाहमुखी र परम्परागत कृषि प्रणालीलाई क्रमशः आधुनिकीकरण र व्यावसायीकरण मार्फत आर्थिक विकास र समुन्नतिको प्रयास गरिएको छ।

**विकास र समृद्धिका अवसरहरूः**

१. भौगोलिक हिसाबले कम क्षेत्रफल र कम जनसङ्ख्या भएकाले तुलनात्मक रूपमा विकास गर्न सहज,

२. मध्यपहाडी लोकमार्ग र कालीगण्डकी करिडोरसम्म सडकको पहुँच विस्तार,

३. पाल्पा, बुटवल, बागलुङ, पोखरा लगायतका महत्वपूर्ण सहरहरूसँग सडकको सहज पहुँच,

४. पर्याप्त कृषियोग्य जमिन र वर्षभरि बग्ने खोला नालाका कारण सिँचाइ व्यवस्था सहज,

५. पर्याप्त मात्रामा वनजङ्गलका कारण पर्यापर्यटन तथा वनपैदावार, जडीबुटी र वनजन्य व्यवसायको सम्भावना,

६. प्रसिद्ध साग्दी सत्यवती मन्दिर, भैंसेखोला झरना, बरेङ फनपार्कसहित विभिन्न धार्मिक तथा पर्यटकीय स्थलहरू, स्वच्छ हावापानीका कारण आन्तरिक पर्यटनको सम्भावना,

७. सूचना प्रविधिको तिव्रतर विकास र त्यसको अभ्यास,

८. प्राकृतिक स्रोत साधनको प्रचुर सम्भावना,

९. बरेङको विकासप्रति नगारिकमा रहेको तीव्र चाहना, उत्साह एवम् राजनीति र प्रशासनबिचको सुमधुर सम्बन्ध ।

**चुनौतीहरूः**

१. भौगोलिक जटिलताका कारण पूर्वाधार विकासमा दिगोपन कायम गर्नु,

२. तीव्र रूपमा बढिरहेको बसाइँसराइ न्यूनीकरण गर्नु,

३. स्थानीय बासिन्दाहरूको अनुदानमुखी र उपभोगवादी प्रवृत्तिलाई निरुत्साहित गर्नु,

४. एकमुस्ट बजेट अभावका कारण हुने पटके विकास कार्य र लगानीको न्यून प्रतिफलको प्रतिकूल अवस्था,

५. खेतीयोग्य जमिनको बढ्दो बाँझोपना र न्यून उपयोगितालाई रोक्नु,

६. गाउँपालिकाको आन्तरिक आय न्यून हुनु ,

७. दक्ष जनशक्तिको प्राप्ति र सम्भार,

८. सङ्घ तथा प्रदेश सरकारबाट प्राप्त हुनुपर्ने वित्तीय हस्तान्तरणको आकार घट्दै जानु।

**सभाका सदस्यहरू,**

आर्थिक वर्ष २०८२।०८३ को वार्षिक नीति तथा कार्यक्रम तर्जुमाका क्रममा लिइएका प्रमुख आधारहरू प्रस्तुत गर्न चाहन्छुः

- नेपालको संविधान,
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ (संशोधित)
- राष्ट्रिय योजना आयोगको मार्गदर्शन,
- नेपाल सरकारको सोह्रौं योजनाले परिलक्षित गरेका अवधारणाहरू,
- स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन,२०७४ (परिमार्जित)

- राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४
- सङ्घ तथा प्रदेश सरकारबाट प्राप्त मार्गदर्शन,
- बरेङ गाउँपालिकाको आवधिक योजना,
- राजनैतिक दल, सङ्घ संस्था, नागरिक समाज र बुद्धिजीविबाट प्राप्त सुझावहरू ।

**सभाका सदस्यहरू,**

म अब चालु आ.व २०८१।०८२ मा हालसम्म गाउँपालिकाले हासिल गरेका प्रमुख उपलब्धिहरू प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

गाउँपालिकाले आर्थिक वर्ष २०८१/०८२ को वार्षिक नीति तथा कार्यक्रमहरूमा निर्दिष्ट गरेका उद्देश्यहरू प्राप्ति र वार्षिक बजेट तथा योजना कार्यान्वयनलाई अन्तिम चरणमा पुर्याएको छ। चालु आ.व २०८१/०८२ मा हालसम्म गाउँपालिकाले सम्पादन गरेका केही महत्वपूर्ण कार्यहरू र उपलब्धिहरू यस गरिमामय सभामार्फत सबै बरेङवासी नागरिकहरूलाई जानकारी गराउन चाहन्छु।

**क भौतिक उपलब्धि**

१. प्रदेश र सङ्घीय सरकारबाट हस्तान्तरित सबै योजनाहरू कार्यान्वयन गरिएको छ जसमध्ये केही ठूला र महत्वपूर्ण योजनाहरू यहाँहरूको बीचमा प्रस्तुत गर्न चाहन्छु।
२. गाउँपालिकाको वडा नं. २ हुग्दिशिर र वडा नं. ३ बाटाकाचौरमा २४ वटा सडक सौर्यबत्ती जडान गरिएको छ ।
३. यस आर्थिक वर्षमा गाउँपालिकाको आफ्नै पहलमा सुदला मान्द्रेढुङगा नयाँबजार सडक खण्डमा १ हजार २ सय ५१ मिटर सडक कालोपत्रे र ३ सय ६ मिटर सडक ढलान सम्पन्न गरिएको छ ।
४. गण्डकी प्रदेश सरकारसँगको साझेदारीमा गाँउपालिकाको प्रशासनिक भवन निर्माणको ठेक्का प्रकृया अगाडी बढाइएको छ। गाउँपालिकाको प्रशासनिक भवन निर्माणको लागि जग्गा उपलब्ध गराउनुहुने जग्गादाताप्रति हार्दिक आभार तथा सम्मान प्रकट गर्दछु ।
५. उर्लेनी पेरिवाङ सडक अन्तर्गत ७ सय ८० मिटर सडक ढलान गरिएको छ । जिमिरेघाटमा पक्की कलभर्ट निर्माण भएको, १ हजार ६ सय मिटर सडक ग्राभेल भएको छ । बरेङ गा.पा २ हुग्दिशिरको बराहकोटमा मानिस तर्ने स्टिलपुल निर्माण गरिएको छ । ३ सय ५० घ.मि. प्लम वाल, ४ सय ४६ घ.मि.ग्याबिन वाल निर्माण गरिएको छ ।
६. विभिन्न वडाहरूमा जम्मा ५ दशमलव ७० कि.मि. नयाँ ट्र्याक खोलिएको छ , ३५ दशमलब ५ कि.मि. सडक सरसफाइ, १ दशमलव ५ कि.मि. सडक चौडा पारिएको छ, ।७ सय मिटर सडक ढलान, ४ सय मिटर पक्की नाली, २ वटा क्रस ड्रेन, १ सय ५० घ.मि.ग्याबिन वाल र ५ सय घ.मि. मेसिनरी वाल लगाउने काम सम्पन्न भएको छ ।
७. वडा न. ४ सल्यानको भैसेखोला झरना, बरेङ फनपार्क, सत्यवति मन्दिर, सुखौरा हरित पार्क लगाएतका पर्यटकीय स्थलहरूमा पूर्वाधार निर्माण तथा व्यवस्थापकीय कार्य सम्पन्न गरिएको छ ।

८. सिँचाइतर्फ १ हजार १ सय मिटर पक्की कुलो निर्माण, ४ सय ५० मिटर पाइपलाइन विस्तार भएको छ ।

९. खानेपानी तथा सरसफाइतर्फ दुधिलेखोला बरेङ खानेपानीसहित विभिन्न वडाहरूमा १६.४८ कि.मि. पाइपलाइन विस्तार, ८ वटा इनटेक, ५ वटा रिजर्भवायर टयाङकी निर्माण सम्पन्न भएको छ ।

१०. प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत वडाको समेत लागत साझेदारीमा १ सय ४० जनालाई ५० दिन बराबरको रोजगार प्रदान गरिएको छ । जसमा २ सय २२ मिटर पक्की सिँचाइ कुलो, ५ सय ७० मिटर पक्की पदमार्ग, मोटरबाटो ढलान ३७ मिटर, पक्की नाली १ सय ३० मिटर, प्रतिक्षालय, शौचालय, मोटरेबल कल्भर्ट, कल्भर्ट, मन्दिर, आमा प्रतिक्षा घर लगायतका योजना १६ वटा, मोटरबाटो कजवे २४ मिटर र ४० जनालाई मेसन सम्बन्धी सिप विकास तालिम दिइएको छ । विभिन्न देशको श्रम स्वीकृतमा ५१ जनालाई सहजीकरण गरिएको छ भने वैदेशिक रोजगार बोर्ड सम्बन्धी पारिवारिक स्वास्थ्य उपचारमा २ जनालई आर्थिक सहायताका लागि सहजीकरण गरिएको छ ।

**ख. आर्थिक तथा सामाजिक उपलब्धिः**

समृद्धिको प्रमुख आधार आर्थिक विकास र बरेङको आर्थिक विकासको मेरुदण्ड कृषि तथा पशुपन्छी विकास भएकाले यस क्षेत्रलाई प्राथमिकता दिदै गरिएका प्रमुख उपलब्धिहरू निम्नानुसार छन् ।

११. किसानको उत्पादन, गाउँपालिकाको अनुदान अभियान अन्तर्गत ३५ जना विभिन्न कृषकहरू तथा उद्यमी समूहहरूलाई मेसिनरी औजार उपकरण तथा प्राविधिक सहयोग र प्रविधि हस्तान्तरण गरिएको, ८ जना कृषकलाई ७५ प्रतिशत अनुदानमा ग्रीन हाउस निर्माण, ४५ जना कृषकलाई निःशुल्क प्लाष्टिक टनेल वितरण, ८ जना कृषकलाई ५० प्रतिशत अनुदानमा ४० वटा मौरी घार र गोला वितरण गरिएको छ ।

१२. वडा नम्बर ५ सुखौरामा १५ जना कृषकलाई गोब्रे च्याउ खेती सञ्चालन गरी २ हजार ९ सय ४० किलोग्राम उत्पादन गरी बजारीकरण गरिएको छ । जसबाट कृषकहरूले रू. ५ लाख ८८ हजार आम्दानी गरेका छन् ।

१३. व्यावसायिक फलफूल विकास प्रवर्द्धन गर्ने उद्देश्यका साथ वडा नं १,२ र ५ गरी ९ सय बोट ओखर र २ सय बोट स्याउका बिरुवा वितरण गरिएको छ ।

१४. मुख्यमन्त्री नवप्रवर्धन साझेदारी कार्यक्रम अन्तर्गत वडा नम्बर १ लिउँवामा २० रोपनी क्षेत्रफलमा १० वर्षको लागि सम्झौता गरी हाल १५ रोपनी जग्गामा ४ हजार ५ सय डल्ले खुर्सानी बेर्ना रोपिएको र ५ रोपनी जग्गामा बेसार खेती गरिएको छ । जसका लागि १६ ग्रीन हाउस, २ वटा नर्सरी टनेल, र १ वटा प्रशोधन केन्द्र साथै खेती गर्ने जग्गा घेराबार समेत गरिएको छ ।

१५. परम्परागत कृषि प्रणालीबाट आधुनिक र व्यावसायिकतातर्फ रुपान्तरणका लागि अगुवा कृषकहरूलाई नजिकका स्थानीय तहहरूले गरेका असल अभ्यासहरूको स्थलगत अध्ययन अवलोकन गराइएको छ ।

१६. समाजमा व्याप्त गरिबी असमानता र वर्गीय विभेदलाई न्यूनीकरण गर्न कृषि र पशु विकासको

क्षेत्रमा हेफर प्रोजेक्ट नेपाल र बिवाईसी बागलुङसँगको साझेदारीमा साना किसानसँग बरेङ कार्यक्रम सञ्चालन भइरहेको छ । जसले महिला, युवा र समाजमा पछाडी परेका समुदायको सशक्तिकरणमा समेत जोड दिएको छ।

१७. पशु विकास शाखा अन्तर्गत ९ सय ५० कृषकहरूलाई पशु स्वास्थ्य उपचार सम्बन्धी औषधि वितरण, ७० कृषकहरूलाई महीमदानी वितरण, ३९ हजार माछामा भुरा वितरण, १५० सामुदायिक कुकुर तथा घरपालुवा कुकुरलाई खोप लगाइएको छ ।

१८. एक सय गाई गोरुलाई लम्फी स्कीन सम्बन्धी खोप, बंगुरको भुनी वितरण, ७ जना व्यवसायिक कृषकहरूलाई च्यापकटर वितरण, २ कृषक समूहलाई ७५ प्रतिशत अनुदानमा गिरीराज चल्ला वितरण, नक्ष्ल सुधारका लागि व्यावसायिक फर्महरूलाई ९ वटा बोयर र जमुनापारीका बोका वितरण लगायत कार्य सम्पन्न गरिएको छ ।

१९. कृषि उत्पादनको उचित बजारीकरणको लागि बरेङ बजारमा हाटबजार सञ्चालनको लागि पूर्वाधार तयार भएको छ।

२०. उद्यमशीलता विकास तालिम अन्तर्गत प्राविधिक सिप विकास गर्न २९ जना युवालाई आलु चिप्स बनाउने तालिम, १० जनालाई अचार बनाउने तालिम र १० जनाको समूहमा रहेको बरेङ होजियारी समूहलाई स्तरउन्नति तालिम र प्रविधि हस्तान्तरण एवं स्वरोजगार बन्न प्रोत्साहित गरिएको छ ।

स्वच्छ बरेङ स्वस्थ बरेङवासी अभियान मार्फत् बरेङवासी नागरिकहरूलाई पर्याप्त आधारभूत स्वास्थ्य सेवाको प्रत्याभूत गराउनका लागि सधैं सचेत रहदै यस क्षेत्रमा गरिएका प्रमुख उपलब्धिहरूलाई यहाँ प्रस्तुत गर्न चाहन्छु :

२१. **बरेङको अभियान, स्वयंसेविकालाई सम्मान** भन्ने नारालाई चरितार्थ गर्न महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरूको लागि मोबाइल सेवा, निःशुल्क स्वास्थ्य विमा, आँखा स्वास्थ्य तालिम जस्ता कार्यक्रम सञ्चालन गरिएको छ।चालु आ.व को बैशाख मसान्तसम्म ७ हजार ८ सय ८ जना नागरिकहरूलाई प्रत्यक्ष सेवा प्रदान गर्ने सम्पूर्ण महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका दिदी बहिनीहरूमा हार्दिक धन्यवाद व्यक्त गर्दछु।

२२. नागरिकको पायक पर्ने स्थानमै विशेषज्ञ स्वास्थ्य सेवा प्रदान गर्नको लागि सबै वडाहरूमा विशेषज्ञ स्वास्थ्य शिविर सञ्चालन गरिएको छ । जसमा ९ सय ११ जना नागरिकहरूले प्रत्यक्ष लाभ प्राप्त गर्नुका साथै उक्त स्वास्थ्य शिविरमा ३ सय ५४ जनाको भिडियो एक्सरे, ९ जनाको एक्सरे र २ सय १३ जनालाई ल्याव सेवा प्रदान गरिएको थियो भने ४ लाख भन्दा बढीको औषधी निःशुल्क रूपमा वितरण गरिएको छ।

२३. "स्वास्थ्यकर्मीसँग, जेष्ठ नागरिक दङ्ग" भन्ने नारालाई कार्यान्वयन गर्दै सबै वडामा स्वास्थ्यकर्मीहरूलाई जेष्ठ नागरिकको घर घरमा स्वास्थ्य परीक्षण, उपचार र प्रेषण गर्ने कार्य गरिएको छ जसबाट ९ सय ९९ जना जेष्ठ नागरिकहरूलाई सेवा प्रदान गरिएको छ।

२४. स्वास्थ्य संस्थाहरूमा प्रयोगशाला परीक्षण अभियान मार्फत २ सय ९३ जना ४० वर्ष माथिका नागरिकहरूको मृगौला, कलेजो, मधुमेह जस्ता परीक्षण गरिएको छ।

२५. विद्यार्थीहरूलाई वडाका स्वास्थ्यकर्मीहरू मार्फत पोषण, किशोरकिशोरी शिक्षा, महिनावारी

स्वच्छता, सरुवा रोग, आत्महत्या न्यूनीकरण लगायतका विषयमा १ सय ५० ओटा भन्दा बढी स्वास्थ्य शिक्षाका कार्यक्रम सञ्चालन गरिएको छ।

२६. "बरेङको रहर, शून्य मातृ शिशु मृत्यूदर" भन्ने नारालाई चरितार्थ गर्न सुत्केरी व्यथा लागेदेखि डिस्चार्ज नभएसम्मको लागि बर्थिङ सेन्टरमै एक जना सहयोगी सहित खाने बस्ने व्यवस्था गर्ने, तालिम प्राप्त नर्सिङ कर्मचारीद्वारा गर्भवती महिलाको भिडियो एक्सरे गरिएको छ, जसबाट चालु आर्थिक वर्षमा पनि घरमा सुत्केरी हुने महिलाको सङ्ख्या शून्यमा कायम राख्न सफलता प्राप्त भएको छ। यसको लागि सम्पूर्ण स्वास्थ्यकर्मीहरूलाई हार्दिक धन्यवाद व्यक्त गर्दछु।

२७. स्वास्थ्य संस्थाहरूबाट निःशुल्क वितरण गरिने ९८ प्रकारका औषधीहरूको उपलब्धता कायमै राखिनुका साथै सामुदायिक औषधी कार्यक्रम मार्फत सुलभ दरमा औषधी वितरण गरिएको छ।

२८. क्यान्सर तथा मृगौला रोगीहरूको लागि मासिक ५ हजारका दरले औषधी उपचार खर्च उपलब्ध गराउनुका साथै घातक रोगको उपचार सहुलियत सिफारिस गरिएको छ।

२९. पाँच वर्ष मुनिका ६ सय ७१ जना बालबालिकालाई भिटामिन ए र ६ सय १ जना बालबालिकालाई जुकाको औषधी वितरण गरिनुका साथै विद्यालय जाने सबै विद्यार्थीहरूलाई जुकाको औषधी र सबै किशोरीहरूलाई आइरन फोलिक एसिड चक्की वितरण गरिएको छ। चालु आ.व को बैशाख मसान्तसम्ममा १७ हजार ४ सय ५३ जना नागरिकलाई सेवा प्रदान गरिएको छ ।

३०. ४ सय ३७ जना किशोरीहरूलाई पाठेघरको मुखको क्यान्सर विरुद्दको खोप लगाइनुका साथै राष्ट्रिय खोप तालिका अनुसार सबै खोपहरू पूरा गरी गाउँपालिकालाई पूर्णखोप सुनिश्चितता दिगोपना घोषणा गरिएको छ।

३१. जेष्ठ नागरिकहरूका ज्ञान, अनुभव र भोगाइको आदानप्रदान गर्नुका साथै उचित सम्मान गर्ने उद्देश्यका साथ उमेर चौरासी सम्मान कार्यक्रम अन्तर्गत १ सय १० जना ज्येष्ठ नागरिकलाई घर दैलोमा गई सम्मान गरिएको छ ।

३२. किशोरी सम्मेलन, महिला हिंसा न्यूनीकरण, बालविवाह, बालश्रम शोषण ,विभेद न्यूनीकरण सम्बन्धी सचेतनामूलक कार्यक्रम गरिएको छ । महिला सशक्तिकरण कार्यक्रम अन्तर्गत वडा नं. ४ सल्यानमा ११ जनालाई अचार बनाउने तालिम दिइएको छ ।वृद्ध वृद्धासँग नयाँपुस्ता दङ्ग कार्यक्रम अन्तर्गत सर्वोदय मा.वि मा ज्येष्ठ नागरिक र विद्यार्थीहरूबिच अन्तर्क्रिया कार्यक्रम गरिएको छ ।

३३. ग र घ वर्गका अपाङ्गता परिचयपत्र भएका ९० जनालाई वार्षिक २ हजारका दरले भत्ता वितरण गरिएको छ । स्वास्थ्य शाखाको समन्वयमा विपन्न दीर्घरोगी स्वास्थ्य बिमा कार्यक्रम र एक घर एक महिला रोजगार कार्यक्रमबाट ४ जना लाभान्वित भएका छन् ।

संविधानतः स्थानीय सरकारको जिम्मेवारीका रूपमा रहेको माध्यमिक शिक्षाको विकासका लागि गरिएको प्रयासका कारण प्राप्त केही प्रमुख उपलब्धिहरू यसप्रकार रहेका छन् :

३४. प्राविधिक शिक्षामा विद्यार्थीहरूलाई प्रोत्साहन गर्न गाउँपालिकाभित्रका सामुदायिक विद्यालयहरूबाट एसईई उत्तीर्ण गरी विभिन्न विधाहरूमा प्राविधिक शिक्षा हासिल गरिरहेका गाउँपालिकाका

विद्यार्थीहरूलाई चिकित्साशास्त्र, इन्जिनियरिङ्ग, सूचना प्रविधि, कृषि, पशु लगायत विभिन्न प्रकारका प्राविधिक धारका विषयमा अध्ययनरत १४ जना विद्यार्थीहरूलाई प्राविधिक शिक्षा अध्ययन छात्रवृत्ति वितरण गरिएको। साथै दलित, विपन्न तथा जेहेन्दार १६ जना विद्यार्थीहरूलाई छात्रवृत्ति प्रदान गरिएको छ ।

३५. कार्यसम्पादन सूचकका आधारमा गाउँपालिकाभित्रका सामुदायिक विद्यालय र संस्थागत विद्यालय गरी कूल १० वटा विद्यालयहरूको शैक्षिक, भौतिक, आर्थिक लगायत समग्र पक्षको मूल्याङ्कन तथा वर्गीकरण गरी प्रमाणपत्र र कार्यसम्पादनका आधारमा प्रोत्साहन रकम स्वरूप शारदा मावि बरेङ ३ बाटाकाचौरलाई रु. ३ लाख र महेन्द्र मावि बरेङ ५ सुखौरालाई रु. २ लाख रकम प्रदान गरिएको छ ।

४. कक्षा १-३ सम्म स्थानीय पाठ्यक्रम र सोको आधारमा कक्षा ३ सम्मको स्थानीय पाठ्यपुस्तक हाम्रो बरेङ लेखन कार्य सम्पन्न गरिएको, गाउँपालिकाको शैक्षिक प्रोफाइल तथा ५ वर्षे शैक्षिक योजना कार्यान्वयनको चरणमा रहेको, कक्षा १-८ सञ्चालित आधारभूत विद्यालय र माध्यमिक विद्यालयहरूमा विज्ञान प्रयोगशाला, पुस्तकालय, स्यानिटरी प्याड तथा ICT व्यवस्थापन गरिएको छ ।

३६. कक्षा ६ का विद्यार्थीहरूका लागि दिवा खाजाको प्रबन्धबाट १ सय ८२ जना विद्यार्थीहरू लाभान्वित भएका छन् ।

३७. असहाय र बेसहारा तथा अति विपन्न बालबालिहरूको संविधानले प्रदत्त गरेको मौलिक हकको कार्यान्वयन गर्नका लागि आवासीय विद्यालय सञ्चालन सम्बन्धी कार्यविधि स्वीकृति गरी छनोट तथा सञ्चालन प्रक्रिया अघि बढाइएको छ ।

५. गाउँपालिका अध्यक्ष शैक्षिक सुधार कार्यक्रम अन्तर्गत १८ वटा विद्यालयहरूमा पूर्वाधार विकासका अलवा ICT व्यवस्थापन, एक कक्षा एक प्रोजेक्टर, स्वच्छ खानेपानी व्यवस्थापन जस्ता कार्यक्रम कार्यान्वयन गरी शैक्षिक गुणस्तर अभिवृद्धिमा जोड दिइएको छ ।

३८. गाउँपालिका स्तरीय सिकाइ उपलब्धि मापन परीक्षा सञ्चालन गरी उत्कृष्ट हुने विद्यार्थी, शिक्षक, विद्यालय तथा अभिभावकलाई पुरस्कारसहित प्रोत्साहन गरिएको साथै आधारभूत तह उत्तीर्ण परीक्षा कक्षा ८ मा उत्कृष्ट नतिजा हासिल गर्ने १० जना विद्यार्थीहरूलाई पुरस्कृत गरिएको छ ।

३९. गाउँपालिका स्तरीय अतिरिक्त क्रियाकलाप सञ्चालन तथा पुरस्कार वितरण कार्यक्रम गरिएको साथै विद्यालयहरूलाई अतिरिक्त क्रियाकलाप सञ्चालन तथा व्यवस्थापन साथै परीक्षा सञ्चालन तथा व्यवस्थापन खर्च उपलब्ध गराइएको,

**ग. संस्थागत उपलब्धि**

४०. आर्थिक वर्ष २०८०।०८१ को महालेखा परीक्षकको कार्यालयबाट हुने लेखापरीक्षण प्रतिवेदनमा जिल्लाभरिमा सबै भन्दा कम रकम बेरुजु कायम भएको प्रतिवेदन सार्वजनिक भएको छ ।

४१. विकास र सेवा प्रवाहलाई सुदृढ र प्रभावकारी बनाउन कर्मचारी र जनप्रतिनिधिको क्षमता विकास सम्बन्धी तालिम सम्पन्न गरिएको छ । सेवा प्रवाहलाई छिटो र छरितो बनाउन रिक्त

दरबन्दीमा जनशक्ति व्यवस्थापन गरिएको छ ।

४२. कानुन निर्माण तर्फ १६ वटा ऐन, र विभिन्न नियमावली, कार्यविधि, मापदण्ड र निर्देशिकाहरू गरी जम्मा ६७ वटा निर्माण गरिएको छ। गाउँपालिकाको त्रिवर्षीय क्षमता विकास योजना निर्माणका र न्यायिक समिति मार्फत स्थानीय विवाद मेलमिलाप तथा निरूपण सम्बन्धी कार्य सम्पन्न गरिएको छ ।

४३. गाउँपालिकाको न्यून आन्तरिक आयको समस्या समाधान गर्नका लागि करदाता शिक्षाको व्यवस्था गर्नुका साथै घरदैलो कर सङ्कलन अभियान सञ्चालन गरी चालु आर्थिक वर्षमा लक्ष्य अनुसारको आन्तरिक आय प्राप्ति गरिएको छ ।

४४. सार्वजनिक सेवाप्रवाहलाई चुस्त, दुरुस्त, सहज र प्रभावकारी बनाउन विभिन्न सफ्टवयरहरूको व्यवस्था, नागरिक बडापत्रको व्यवस्था, सूचना प्रविधिको प्रयोग, नागरिक घरदैलो कार्यक्रम लगायत सामाजिक सुरक्षा भत्ता वितरणलाई सहज बनाइएको छ ।

४५. सरकारी सम्पत्तिको संरक्षण, सदुपयोग र अभिलेखाङ्कनलाई व्यवस्थित गर्न PAMS V2 लाई पूर्ण रुपमा प्रयोगमा ल्याइएको छ ।

**घ. वातावरणीय उपलब्धि**

४६. गाउँपालिकाभित्र विभिन्न समयमा हुन सक्ने विपद्जन्य घट्नाहरूलाई मध्यनजर गर्दै वडा नं ३ मा गाउँपालिकास्तरीय आपतकालीन कार्यसञ्चालन केन्द्र स्थापना गरी सञ्चालनमा रहेको छ ।

४७. हुग्दिखोला, मजुवा ठूलोखोला, खाल्लेखोला लगायत गाउँपालिकाभित्रका प्रमुख खोलाहरूमा विगतका वर्षहरूमा जम्मा भएका नदिजन्य पदार्थहरूका कारण हुन सक्ने जोखिमलाई समेत मध्यनजर गर्दै उक्त खोलाहरूबाट नदिजन्य पदार्थहरू सङ्कलन तथा व्यवस्थापन गर्ने उद्देश्यका साथ प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयार गरी ठेक्का प्रक्रियाबाट हुग्दिखोलाको सुदला र घट्टमा कार्य अघि बढाइएको छ ।

४८. वडा नं १ धुल्लुबास्कोट र वडा नं ३ बाटाकाचौरमा सबडिभिजन वन कार्यालयसँगको साझेदारीमा वन डढेलो नियन्त्रण सम्बन्धी सचेतना कार्यक्रम सम्पन्न गरिएको छ । साथै मनसुनजन्य विपद् बाट प्रभावित नागरिकहरूको निजी आवास पुनःनिर्माण कार्यलाई तीव्रता दिइएको छ ।जस अन्तर्गत ८ घरपरिवार लाभान्वित भएका छन् ।

**सभाका सदस्यहरू,**

अब म आ.व. २०८२।०८३ को क्षेत्रगत प्रमुख नीति र प्राथमिकता प्राप्त प्रमुख कार्यक्रमहरू प्रस्तुत गर्ने अनुमति चाहन्छु।

बरेङको विकासको साधन र साध्य दुवै बरेङवासी नागरिक भएको तथ्यलाई मध्यनजर गरी बरेङको विकासमा स्वयम् बरेङवासीहरूको संलग्नता र प्राप्त विकासको प्रतिफल वितरणमा समन्यायिकता कायम गर्ने गरी वार्षिक नीति तथा कार्यक्रमहरूको प्राथमिकता निर्धारण गरिएको छ ।

नेपालको संविधानमा उल्लिखित एकल र साझा अधिकारसूची, स्थानीय सरकारको जिम्मेवारी, सङ्घ तथा प्रदेश सरकारको आवधिक योजना, वार्षिक नीति तथा कार्यक्रमलाई समेत मध्यनजर गर्दै आर्थिक वर्ष २०८२।०८३ का लागि आत्मसात गरिएका केही प्राथमिकता प्राप्त प्रमुख कार्यक्रमहरू

यहाँ उल्लेख गर्न चाहन्छु ।

**क) आर्थिक क्षेत्रः**

**कृषि तथा पशुपन्छी विकासः**

४९. "**कृषिमा यान्त्रीकरण, खेतीमा आधुनिकीकरण**" अभियान अन्तर्गत क्षेत्र तथा भूगोल अनुसार हाते ट्याक्टर कुटानी पिसानी र कृषिसँग सम्बन्धित औजारहरू किसानको लागत साझेदारीमा उपलब्ध गराइनेछ । हावापानीका आधारमा कृषक समुह मार्फत नयाँ तरकारी पकेट स्थापना र विस्तार गरिनेछ ।

५०. "**बाली राखौं सङ्कलन केन्द्रमा, लाभ लिऔं बजारमा**" भन्ने नाराका साथ कृषकहरूको उत्पादनलाई बरेङ बजारमा साप्ताहिक रुपमा कृषि हाटबजार र हरेक वडामा कृषि सङ्कलन सञ्चालन गरिनेछ । गाउँपालिकाभित्रका कृषकहरूलाई आफ्नो उत्पादित वस्तु बजारसम्म पुर्याउन ढुवानीमा अनुदान प्रदान गर्ने नीति अवलम्बन गरिनेछ।

५१. "**रासायनिक होइन, जैविक विषादी अपनाऔ, हरियाली खेतबारी, समृद्ध गाउँ बनाऔं**" भन्ने नाराका साथ कृषि उत्पादन वृद्धि गर्न एकीकृत बाली संरक्षण तथा जैविक विषादी कार्यक्रम सञ्चालन गरिनेछ ।

५२. " **प्रविधिको खेला, कृषकको मेला, अबको खेती फरक होला**" भन्ने मूल नाराका साथ उत्पादित वस्तुको मूल्याङकन गरी कृषि मेला प्रर्दशनमा कृषकहरूलाई प्रोत्साहन गरिनेछ । परम्परागत र आधुनिक खेती प्रविधिविच कृषि उत्पादन प्रर्दशन कार्यक्रम सञ्चालन गरिनेछ । वर्षे तथा हिउदे फलफुलका विरुवा वितरणमा अनुदानलाई निरन्तरता दिइनेछ ।

५३. "**घरमै गरौं च्याउ खेति आत्मनिर्भर बनौं अबदेखि** " भन्ने नाराका साथ बरेङ गाउँपालिका वडा नं ५ सुखौरामा च्याउ पकेट कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

५४. "**आफ्नै बारी, आफ्नै तरकारी, आत्मनिर्भर बरेङ हाम्रो जिम्मेवारी**" भन्ने नारासहित बरेङलाई तरकारी खेतीमा आत्मनिर्भर बनाइनेछ ।

५५. "**स्थानीय डल्ले खुर्सानी र बेसारको शक्ति, समृद्ध कृषक, आत्मनिर्भर बस्ती**" भन्ने नाराका साथ बरेङ गाउँपालिका वडा नं १ लिउवामा स्थानीय डल्ले खुर्सानी र बेसार उत्पादन प्रशोधन तथा बजारीकरण परियोजनालाई निरन्तरता दिइनेछ ।

५६. हेफर प्रोजेक्ट नेपाल र बिवाईसी बागलुङसँगको साझेदारीमा सञ्चालित साना किसानसँग बरेङ कार्यक्रमलाई निरन्तरता दिइ बरेङलाई स्थानीय डल्ले खुर्सानी र अकबरे खुर्सानीमय बनाइ कृषि पर्यटन हबको रूपमा विकास गरिनेछ । बरेङ गाउँपालिकाका ५ वटै वडामा अकबरे खुर्सानी खेती र आधुनिक कृषि प्रणाली अवलम्बन गरिनेछ ।

५७. "**पाडापाडी फाल्न पाइन्न, मासु जान्छ चाइना**" भन्ने अभियानका साथ पाडापाडी पालन सचेतना कार्यक्रम सञ्चालन गरिनेछ ।

५८. मासुमा आत्मनिर्भर हुन बाख्रापालक कृषकहरूलाई नश्ल सुधारको कार्यक्रममा निरन्तरता दिइनेछ। खेर गइरहेको कुलो तथा नहरको पानीलाई सदुपयोग गरी माछा उत्पादन गर्न माछाका भुरा अनुदानमा वितरण गरिनेछ।

५९. कृषकहरूको आयआर्जन वृद्धि गरी गरिबी निवारणका लागि आगामी आर्थिक वर्षमा

गाउँपालिकाभित्र बङ्गुर को पकेट क्षेत्र स्थापना गरी बङ्गुरमा नश्ल सुधार गर्न बङ्गुर पालक कृषकहरूलाई बंगुरका बिर तथा भुनी वितरण गरिनेछ।

६०. "**स्वस्थ मासु स्वस्थ दुध, आफ्नै आयु बढ्छ खुद**" नाराका साथ पशुबाट मानिसमा र मानिसबाट पशुमा सर्ने महामारीजन्य सङ्क्रामक सरुवा रोगको नियन्त्रण गर्न खोप अभियान कार्यक्रमलाई निरन्तरता दिइनेछ।

६१. "**कोसे हिउदे डाले घाँस, बजारको दानाको छैन आस, आम्दानी हुन्छ बल्ल खास**" नाराका साथ मौसम अनुसारका घाँसका बिउ तथा डाले घाँसका बिरुवा वितरण गरिनेछ।

**पर्यटनः**

६२. "**बरेङको सान, आन्तरिक पर्यटन**" को मूल नारालाई निरन्तरता दिँदै पर्यटनलाई गाउँपालिकाको आर्थिक विकासको आधारका रूपमा विकास गरिनेछ ।

६३. सञ्चार माध्यमसँगको सहकार्यमा गाउँपालिका भित्रका साग्दी सत्यवती मन्दिर, कालीलेक, सिद्धथान मन्दिर, कौडे डाँडा, छहरेखोला (भैंसेखोला) झरना, बरेङ फनपार्क, भित्रीवन देउराली, तमुखोला हरितपार्क, भातेपोखरा लगायत धार्मिक तथा पर्यटकीय क्षेत्रहरूको प्रचारप्रसार र पूर्वाधार विकासलाई निरन्तरता दिइनेछ।

६४. गाउँपालिकाभित्र रहेका हरिया वनजङ्गल र जीवजन्तुहरूको प्रचुरतालाई मध्यनजर गरी सामुदायिक वन उपभोक्ता समितिहरूलाई जैविक पर्यटन विकास तथा जडीबुटी संरक्षण र प्रवर्धनको लागि प्रोत्साहन गरिनेछ ।

६५. गाउँपालिकामा आउने पर्यटकहरूलाई शत प्रतिशत स्थानीय उत्पादनमा आधारित परिकार, स्थानीय स्तरमै उत्पादित मायाको चिनो व्यवस्था गर्दै स्थानीय उत्पादनलाई पर्यटन प्रवर्धन र प्रचारप्रसार गरी आर्थिक विकाससँग जोडिनेछ ।

**उद्योग, उद्यमशीलता तथा सहकारिता**

६६. "बरेङको चिन्तन, उद्यमशिलता प्रवर्धन" को सोचसहित युवाहरूको बढ्दो वैदेशिक पलायनलाई रोक्ने र स्वदेशमै केही गरौं भन्ने भावनाको विकास गर्न सिपमूलक तालिम र तालिम पश्चात निश्चित मापदण्डका आधारमा स्टार्टअप पुँजीको प्रबन्ध मिलाइनेछ ।

६७. घरेलु तथा साना उद्योग स्थापनाका लागि प्रोत्साहन गर्नुका साथै हाल गाउँपालिकाभित्र सञ्चालित यस्ता उद्योग व्यवसायलाई संरक्षण र सहयोग गर्ने नीति अवलम्बन गरिनेछ ।

६८. स्थानीय कच्चापदार्थ, स्रोत साधन र जनशक्तिको परिचालन गरी जडीबुटी प्रशोधन तथा बाँकोको गुन्द्रुक उत्पादन तथा बजारीकरणमा सहजीकरण गरिनेछ ।

६९. विगत वर्षहरूमा गाउँपालिकाद्वारा तालिम प्रदान गरी सञ्चालन गरिएका होजियारी, आलु चिप्स, अचार व्यवसाय आदिलाई आवश्यक सहयोग प्रदान गरी थप व्यावसायिक र व्यवस्थित बनाउन सहयोग गरिनेछ ।

७०. युवा, महिला, दलित, आदिवासी जनजाति, अल्पसंख्यक, विपन्न र आर्थिक तथा सामाजिक रूपमा पिछडिएका व्यक्तिहरू र लक्षित वर्गहरूका लागि सिपमूलक एवम् आयमूलक तालिमको व्यवस्था गरी उद्यमशीलता प्रवर्धन र आत्मनिर्भरता विकासका लागि कानुनी, प्रशासनिक र प्रक्रियागत सहजीकरणका अतिरिक्त प्रोत्साहनको व्यवस्था गरिनेछ ।

७१. गाउँपालिकाभित्र रहेका सहकारीहरूलाई नियमित रूपमा नियमन गर्नुका साथै सहकारी शिक्षा र सहायताका माध्यमबाट बरेङको अर्थतन्त्रमा योगदान गर्न सक्ने गरी सबल र सक्षम गराइनेछ ।

**ख) सामाजिक विकासः**

**शिक्षा, युवा तथा खेलकुद**

७२. विपन्न, दलित, जेहेन्दार तथा लक्षित वर्गहरूका लागि प्राविधिक अध्ययन छात्रवृत्ति तथा अन्य प्रोत्साहनमूलक छात्रवृत्ती उपलब्ध गराइनेछ ।

७३. युवाक्लवहरूको सक्रिय सहभागितामा खेलकुद विकास कार्यक्रमहरू सञ्चालन, खेल सामग्री वितरण, साथै यस गाउँपालिकाको प्रतिनिधित्व गर्दै जिल्ला, प्रदेश, राष्ट्रिय तथा अन्तराष्ट्रिय क्षेत्रमा महत्वपूर्ण योगदान पुर्याउने उत्कृष्ट खेलाडी सम्मान जस्ता कार्यक्रम सञ्चालन गरिनेछ ।

७४. गाउँपालिका स्तरीय शैक्षिक कोषमार्फत सुत्केरी बिदामा सट्टा शिक्षक व्यवस्थापन गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

७५. शिक्षण सिकाइ क्रियाकलापलाई प्रयोगात्मक बनाउन शिक्षकहरूका लागि क्षमता अभिवृद्धि तालिम सञ्चालन गरिनेछ ।

७६. आगामी आ.व. देखि गाउँपालिका अध्यक्ष कप प्रतियोगिता सञ्चालन गरी विद्यार्थी र विद्यालयहरूकोबिचमा स्वच्छ प्रतिष्पर्धाको भावना र खेलकुद विकासलाई थप व्यवस्थित र सुदृढ बनाइनेछ ।

७७. कक्षा ६ मा अध्ययन गर्ने सामुदायिक विद्यालयका विद्यार्थीहरूलाई प्रदान गर्दै आएको दिवा खाजा कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

७८. विद्यालय र अभिभावकको लागत साझेदारीमा कक्षा ६-१० मा गणित, विज्ञान र अङ्ग्रेजी विषयको कम्तिमा तीन महिना अतिरिक्त कक्षा सञ्चालन गरी सिकाइ उपलब्धि थप वृद्धि गरिनेछ ।साथै विषय विशेषज्ञद्वारा नमुना कक्षा सञ्चालन तथा प्रविधिमैत्री कक्षा सञ्चालन गरी नतिजा सुधारमा जोड दिइनेछ ।

७९. गाउँपालिका अध्यक्ष शैक्षिक सुधार कार्यक्रमलाई आवासीय विद्यालय व्यवस्थापनसँग जोडिनेछ र नेपालको संविधानले प्रत्याभूत गरेको निःशुल्क तथा अनिवार्य शिक्षाको पहुँचबाट कोही पनि वञ्चित नहुन् भन्नका लागि विपन्न, बेसहारा, अभिभावकविहीन तथा विद्यालय समायोजन हुँदाका बखत विद्यालयको दुरी टाढा भइ विद्यालय जान कठिन भएका बालबालिकाहरूका लागि सुविधा सम्पन्न आवासीय विद्यालय सञ्चालन तथा व्यवस्थापन गरिने छ ।

८०. शिक्षक, अभिभावक र विद्यार्थीलाई शिक्षण सिकाइमा प्रोत्साहन गर्ने उद्देश्यले सिकाइ उपलब्धि मापन परीक्षा सञ्चालन गरी उत्कृष्ट हुने शिक्षक, विद्यार्थी र अभिभावक तथा विद्यालयलाई पुरस्कृत तथा सम्मान गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

८१. विद्यार्थीको सिर्जनात्मक क्षमताको प्रस्फुटन र पहिचान गरी उत्कृष्ट प्रतिभाको कदर र प्रोत्साहित गर्ने कार्यलाई थप व्यवस्थित गरिनेछ ।

८२. आगामी आ.व. मा स्थानीय पाठ्यपुस्तक (हाम्रो बरेङ) कक्षा ४ र ५ को पाठ्यपुस्तक तयार

गरी विद्यालयमा पुर्याइनेछ ।

८३. मुलुकको शासकीय व्यवस्था र शासन प्रणालीको बारेमा प्रत्यक्ष अनुभूति प्रदान गर्न बरेङ गाउँपालिकाले आयोजना गर्ने गाउँसभा तथा गाउँ कार्यपालिका बैठकमा गाउँपालिकाभित्रका विद्यालयमा अध्ययनरत विद्यार्थीहरूलाई आमन्त्रण गरी सहभागी बनाइनेछ ।

८४. "**एकदिन अभ्यासमा, जिन्दगीभर आत्मविश्वासमा**" भन्ने नारासहित गाउँपालिकाभित्र सञ्चालित विद्यालयमा प्रत्येक महिनाको कम्तीमा एक दिन बुक फ्रि फ्राइडे कार्यक्रम लागू गरी परम्परागत ज्ञान सिप तथा आधुनिक प्रविधिको ज्ञान सिप प्रदान गरिनेछ । साथै गाउँपालिकाबाट विद्यार्थीहरूका लागि उत्प्रेरणात्मक कक्षा सञ्चालनको व्यवस्था गरिनेछ ।

८५. विगतमा विद्यालय अपरिहार्य भएका बखत विद्यालय स्थापनार्थ योगदान गर्ने अग्रजहरूप्रति सम्मान व्यक्त गर्दै न्यून विद्यार्थी संख्या भएका विद्यालयलाई नजिकका विद्यालयमा समायोजन गरी न्यून सहपाठीका कारण बालबालिकाहरू सामाजिक, मनोवैज्ञानिक र संवेगात्मक पक्ष तथा प्रतिष्पर्धात्मक भावनाको विकासबाट वञ्चित हुनुपर्ने अवस्थाको अन्त्य गरिनेछ ।

८६. व्यवस्थापकीय कुशलता अभिवृद्धिका लागि प्रधानाध्यापकलाई व्यवस्थापकीय तालिम प्रदान गरिनेछ । हाल प्रधानाध्यापकलाई प्रदान गरिदै आएको थप प्रअ भत्तालाई नतिजामुखी बनाउन मासिक प्रतिवेदनका आधारमा कार्यसम्पादन मूल्याङ्कन गरी निश्चित सूचक पूरा गरे पश्चात प्रोत्साहन स्वरूप उपलब्ध गराइनेछ ।

८७. शिक्षकहरूलाई कार्यसम्पादन क्षमता र विषय विज्ञताको आधारमा आन्तरिक सरुवा गरिनेछ । विज्ञ शिक्षकहरूको रोष्टम खडा गरी विद्यालय अनुगमन गर्ने कार्यलाई प्रभावकारी बनाइनेछ । साथै मितेरी कक्षा सञ्चालनको अवधारणा लागु गरिनेछ ।

**स्वास्थ्य क्षेत्रः**

८८. "**सुरक्षित मातृत्व, सबैको दायित्व**" भन्ने नारालाई चरितार्थ गर्न गर्भवती महिला र नवशिशूको स्वास्थ्य सुरक्षाको लागि घरमा सुत्केरी हुने अवस्थाको अन्त्य गर्दै "पूर्ण संस्थागत सुत्केरी कार्यक्रम" निरन्तरता दिइनेछ र गाउँपालिकाभित्रका सबै बर्थिङ सेन्टरहरू र स्वास्थ्य संस्थाहरूको सुदृढीकरण र व्यवस्थापन गरिनेछ। साथै आमा प्रतिक्षा घरलाई थप व्यवस्थित बनाइनेछ।

८९. क्यान्सर, मृगौला, मुटु रोग, मधुमेह, श्वासप्रस्वास रोग जस्ता नसर्ने रोगको स्कृनिङ गरी समयमै उपचार तथा प्रेषण गर्न प्रयोगशाला सञ्चालनमा रहेका स्वास्थ्यचौकीहरूबाट दैनिक र अन्य स्वास्थ्यचौकीहरूबाट महिनाको १ दिन प्रयोगशाला परीक्षण गर्ने गरी "प्रयोगशाला परीक्षण अभियान" कार्यक्रम सञ्चालन गरिनुका साथै ४० वर्ष नाघेका सबै बरेङवासीहरूको निःशुल्क मृगौला परीक्षण गरिनेछ।

९०. स्वस्थकर जीवनशैली अपनाउन र योग ध्यान मार्फत निरोगिता प्राप्त गर्नको लागि नागरिक आरोग्य सेवा केन्द्र बरेङ मार्फत योग अभ्यास कार्यक्रम, सबै वडाहरूमा विस्तार गर्न "मेरो स्वास्थ्य, मेरो जिम्मेवारी" कार्यक्रम लागु गरिनेछ। नागरिक आरोग्य सेवा केन्द्रलाई थप व्यवस्थित र सेवामुखी बनाइनेछ।

९१. स्वास्थ्य संस्थाहरूबाट प्रदान गर्ने सेवा प्रवाहलाई प्रभावकारी, समय सापेक्ष र गुणस्तरीय बनाउन औषधी तथा औजार उपकरणले सु-सज्जित बनाईनुको साथै स्वास्थ्यकर्मीहरूलाई समयानुकुल तालिम  र प्रोत्साहनको व्यवस्था गरिनेछ। गाउँघर क्लिनिक, खोप क्लिनिक तथा विद्यालय स्वास्थ्य शिक्षा र विद्यार्थी स्वास्थ्य परीक्षण कार्यक्रमलई नियमित र व्यवस्थित गरिनेछ । प्रविधिमैत्री स्वास्थ्य संस्था र स्वास्थ्यकर्मी बनाउन आवश्यक व्यवस्था गरिनेछ ।

९२. स्वास्थ्य संस्थाहरूबाट वितरण गरिने ९८ प्रकारका बाहेकका औषधी स्वस्थ्य संस्थामै अङ्किकत मूल्य भन्दा २० प्रतिशत छुट मूल्यमा उपलब्ध गराउन स्वास्थ्यचौकीहरूमा सञ्चालित सामुदायिक औषधी कार्यक्रमलाई थप व्यवस्थित र जनमुखी बनाउनको लागि "मेरो स्वास्थ्य मेरो लगानी" कार्यक्रम लागु गरिनेछ। गर्भवती महिलाहरूको लागि क्याल्सियम चक्कीको वितरण, पाठेघर खसेका महिलाहरू र हाईड्रोसिल भएका पुरुषहरूको शल्यक्रिया र उपचारको लागि आवश्यक व्यवस्था गरिनेछ।

९३. घुम्ती मासिक बैठकलाई निरन्तरता दिइनेछ । स्वास्थ्य संस्था प्रमुखहरूबाटै निश्चित सूचकहरू तयार गर्ने र सबै भन्दा बढी अङ्क प्राप्त गर्ने स्वास्थ्य संस्थालाई पुरस्कृत गरिनेछ। सामाजिक सेवामा १० वर्ष बढी सेवा गरेका महिका सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरूलाई सम्मानजनक बिदाइको व्यवस्था गरिनेछ ।

९४. "**समयमै परीक्षण रोगको निदान, स्वस्थ समुदाय बरेङको अभियान**" भन्ने नारासहित विशेषज्ञ स्वास्थ्य शिविरको आयोजना गरिनेछ।

९५. बालपोषण कार्यक्रम, स्वाश्थ्य संस्था सञ्चालन अनुदानम अध्यक्ष जनता स्वास्थ्य परीक्षण कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

९६. "**स्वास्थ्यकर्मी सँग, जेष्ठ नागरिक दङ्ग**" कार्यक्रम अन्तर्गत जेष्ठ नागरिक घरदैलो स्वास्थ्य सेवा कार्यक्रम लागु गरिनेछ।

९७. "बरेङवासीको बानी शुद्ध पिउने पानी" नारालाई सार्थक तुल्याउन गाउँपालिकाभित्रै खानेपानी परीक्षण केन्द्र स्थापना गरी सबै मुहानहरूको खानेपानीको नमूना परीक्षण र खानेपानी शुद्धिकरण को लागि आवश्यक व्यवस्था गरिनेछ।

९८. स्थानीय बर्थिङ सेन्टरमा सुत्केरी हुन नसकी प्रेषण भएका गर्भवती महिला र सडक दुर्घटनामा परी प्रेषण गर्नुपर्ने अवस्थाका अति विपन्न नागरिकहरूलाई यातायात खर्चको व्यवस्था गरिनेछ। अति विपन्न मानसिक रोगीहरूको लागि निःशुल्क रूपमा औषधी उपलब्ध गराउन पहल गरिनेछ। प्रत्येक ३ महिनामा गर्भवती महिलाहरूको भिडियो एक्सरे र निःशुल्क प्रयोगशाला परीक्षणको व्यवस्था गरिनेछ ।

९९. सुत्केरी महिला र नवशिशुको स्वास्थ्य परीक्षण गर्नको लागि नर्सिङ कर्मचारीद्वारा घरमा नै पुगी भेटघाट गर्नको लागि उत्तर प्रसुति स्वास्थ्य परीक्षण(Post Natal Care PNC Home Visit) कार्यलाई व्यवस्थित र नतिजामुखी बनाइनेछ।

१००. स्वास्थ्य संस्थाहरूबाट प्रवाह गरिने नियमित सेवाको अतिरिक्त आयुर्वेद इकाइ, आँखा स्वास्थ्य इकाइ, दन्त परीक्षण इकाइ आदिको सेवा विस्तार गर्नको लागि प्रक्रिया बढाइनेछ ।

१०१. समयमा नै रोग पत्ता लगाई "स्वस्थ बरेङ सुखी वरेङवासी" भन्ने नारालाई सार्थक तुल्याउन

स्तन तथा पाठेघरको मुखको क्यान्सर पत्ता लगाउने शिविर, विद्यार्थी स्वास्थ्य परीक्षण, पत्रु खाना(Junk Food) नियन्त्रण, महामारी पूर्वतयारी कार्यक्रम गरिनेछ ।

१०२. सतप्रतिसत मृत्यूदर भएको कुकुर प्रजातिको जनावर वा शंकास्पद जनावरले टोकेमा लगाईने रेबिज खोप निःशुल्क गरिनेछ।

१०३. मानव तथा पशुपन्क्षीमा गरिने प्रतिजैविक(एन्टीबायोटिक) को अनावश्यक प्रयोगका कारण मौजुदा प्रतिजैविक औषधीले काम गर्न छोडिसकेकोले औषधी पसल, पशुपन्छीको औषधी पसल, पशुपन्क्षी फर्महरूको प्रभावकारी अनुगमन गरी प्रतिजैविक औषधीको न्यून प्रयोगमा जोड दिइनेछ।

१०४. आकस्मिक अवस्थाको व्यवस्थापनको लागि सबै स्वास्थ्य संस्थाहरूमा अक्सिजन सिलिण्डर र तालिम प्राप्त स्वास्थ्यकर्मीको व्यवस्था गरिनेछ । स्वास्थ्य संस्थाहरूको विद्युतीय अभिलेखन र प्रतिवेदन प्रणालीलाई व्यवस्थित र निरन्तर गरिनेछ । पारिवारिक स्वास्थ्य प्रोफाईल अध्यावधिक गरिनेछ।

१०५. गाउँपालिकाभर कार्यरत सम्पूर्ण महिला स्वास्थ्य स्वयंसेविकाहरूको सेवाको उच्च सम्मान गर्दै "**बरेङको सान, स्वयंसेविकालाई सम्मान**" कार्यक्रम अन्तरगत मोवाइल स्वास्थ्य सेवा, स्वास्थ्य बिमा, तालिम जस्ता कार्यक्रम सञ्चालन गरिनेछ।

१०६. विपन्न, दीर्घरोगीहरूका लागि निःशुल्क स्वास्थ्य बिमा सेवा उपलब्ध गराउने नीतिलाई निरन्तरता दिइने छ ।

१०७. "**स्वस्थ मन, समुन्नत जीवन**" भन्ने नारासहित मानसिक रोगीहरूका लागि औषधी उपचार खर्चको व्यवस्था गरिनेछ ।

**श्रम तथा रोजगारीः**

१०८. श्रमको सम्मान राष्ट्रको अभियान कार्यक्रममार्फत श्रम सबैले अनिवार्य गर्नुपर्दछ र श्रमको सम्मान गर्नुपर्दछ भन्ने सूचनात्मक, सन्देशमूलक तथा वित्तीय साक्षरता कार्यक्रमलाई निरन्तरता दिइनुका साथै श्रमिक सम्मान गरिनेछ ।

१०९. रोजगार संवाद मञ्च कार्यक्रमलाई निरन्तरता दिँदै समग्र गाउँपालिकाको रोजगारीको अवस्था विश्लेषण गर्ने, निजी सङ्घ-संस्था, सहकारी, गैरसरकारी संस्था, निर्माण व्यवसायी, कृषक, राजनीतिक दलसँग अन्तर्क्रिया गरिनेछ ।निजी सङ्घ सस्था र निर्माण व्यवसायीसँग समन्वय गर्नुका साथै रोजगार सिर्जना गरी सूचीकृतलाई प्राथमिकता दिइनेछ ।

११०. वैदेशिक रोजगारीमा जाने व्यक्तिहरूको श्रम स्वीकृतिमा सहजीकरण गर्ने साथै श्रम स्वीकृति लिएर वैदेशिक रोजगारमा गएका, अलपत्र परेका व्यक्तिहरूलाई राहत, उद्दार गरी आर्थिक सहायतामा सहजीकरण गरिनेछ ।

१११. "**ऋण होइन, अवसर दिऔं**" भन्ने मान्यतासहित गाउँपालिकाभित्र रहेका अति विपन्न र सूचीकृत बेरोजगार नागरिकहरूलाई विभिन्न योजना तथा कार्यक्रमका साथै उपलब्ध अवसरहरूमा पहिलो प्राथमिकता दिइनेछ ।साथै वडागत साझेदारीलाई निरन्तरता दिइनेछ ।

११२. "हरेक हातलाई काम, खालीपेटलाई माम" मान्यतासहित विपन्न लक्षित सिपमूलक तालिम कार्यक्रम एकीकृत गरी एउटा व्यक्तिलाई एउटा सेक्टर छान्न लगाइ त्यसैमा सक्षम र

आत्मनिर्भर बनाइनेछ । सिप प्रमाणीकरणका लागि सहजीकरण गर्नुका साथै श्रम बैंक स्थापना गरिनेछ ।

११३. वैदेशिक रोजगारीका कारण सिर्जना भएका मनोसामाजिक समस्यालाई न्यूनीकरण गर्न स्वास्थ्य शाखासँगको सहकार्यमा समुदायस्तरमा मनोसामाजिक परामर्श सेवा प्रदान गरिनेछ ।

११४. निरन्तर नियमन र निगरानी गरी बालबालिकाहरूमाथि हुने श्रम शोषणको अन्त्यका लागि बालश्रममुक्त स्थानीय तह कायम राखिनेछ ।

**भाषा संस्कृती ,लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण**

११५. मगर जातिको बाहुल्यता रहेको यस गाउँपालिकामा मगर संस्कृति र अन्य जातजातिहरूका समेत परम्परागत भेषभूषा, बाजा, भाँडाकुडा आदिलाई संरक्षण गर्न एक साँस्कृतिक घर\ संग्राहलयको स्थापनाको लागि पहल गरिनेछ।

११६. प्रथा र परम्पराका रूपमा स्थापित सामाजिक कुसंस्कार र सबै किसिमका जातीय तथा लैङ्गिक विभेदको न्यूनीकरणका लागि सचेतनात्मक कार्यक्रम सञ्चालन गरिनेछ ।

११७. विभिन्न कारण सम्बन्धविच्छेद भै बसेका गाउँपालिकाभित्रका एकल महिलाहरू जसले राज्यबाट कुनै पनि प्रकारको विशेष संरक्षण वा सुविधा प्राप्त गरेका छैनन् उनीहरूलाई मध्यनजर गर्दै सिपमूलक तालिम तथा सशक्तीकरण कार्यक्रममा सञ्चालन गर्ने नीति लिइनेछ ।

११८. "लोक परम्परा, नाचगान र जात्रा, सामाजिक/सांस्कृतिक रुपान्तरणमा बरेङको यात्रा" अभियान अन्तर्गत गाउँपालिकाभित्रका विभिन्न स्थानीय मौलिक गीत संस्कृति, चाडपर्व, जात्रा, मेला, भेषभूषा लगायत परम्परागत जीवनशैलीलाई जीवन्त राख्न संस्कृति प्रवर्द्धन कार्यक्रम गरिनेछ ।

**महिला, बालबालिका तथा समाजकल्याण शाखा**

११९. "**समता र समानता बरेङको प्रतिबद्धता**"को नारा सहित महिला बालबालिका तथा ज्येष्ठ नागरिक दलित अपाङ्गता भएका व्यक्ति लगायत सबै लक्षित समूह र आर्थिक सामाजिक रुपमा पिछडीएका समुदायलाई राज्यको मूलधारमा ल्याउनका लागि आवश्यक बजेट तथा कार्यक्रमको व्यवस्थाका अतिरिक्त लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षणको व्यवस्था मिलाइनेछ।

१२०. समाजको प्रमुख समस्याको रूपमा बढ्दै गइरहेको लागुपदार्थ दुर्व्यसनलाई न्यूनीकरण तथा रोकथाम गर्न युवा लक्षित सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।

१२१. घरेलु हिंसालाई निरुत्साहित गर्न हिंसा लुकाउने छिपाउने प्रवृत्तिलाई रोक्न "हिंसा नगरौं हिंसा नसहौं" अभियान सञ्चालन गरी लैङ्गिक हिंसा सम्बन्धी चेतनामूलक कार्यक्रमलाई निरन्तरता दिइनेछ।

१२२. उमेर चौरासी सम्मान कार्यक्रम निरन्तरता दिदै घरदैलोमा पुगी ज्येष्ठ नागरिकका अनुभव भोगाइ र विगतका पुराना असल प्रथा एवम् प्रचलनहरूको सङ्कलन तथा संरक्षण गरिनेछ।

१२३. बालबलिकाहरूको चौतर्फी विकास र बाल अधिकार संरक्षणका लागि आवश्यक व्यवस्था गर्दै बाल प्रतिभा पहिचान कार्यक्रमको माध्यमद्धारा बालबालिकाहरूमा अन्तर्निहित प्रतिभा प्रस्फुटन

गरिनेछ।

१२४. उज्यालो बालबचत कार्यक्रमलाई निरन्तरता दिंदै बालमैत्री गाउँपालिकाका रूपमा रूपान्तरण गर्न बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका २०७८ र बालबालिका सम्बन्धी ऐन २०७५ ले निर्दिष्ट गरेका व्यवस्थाहरू कार्यान्वयनको प्रबन्ध मिलाइनेछ।

१२५. ग र घ वर्गका अपाङ्गता भएका व्यक्तिहरूका लागि वितरण गरिदै आएको अपाङ्गता भत्ता बैङ्किङ प्रणालीबाट उपलब्ध गराइने नीति अवलम्बन गरिनेछ ।

१२६. गाउँपालिका अध्यक्ष सामाजिक सुरक्षा तथा बचाउ कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

**(ग) पूर्वाधार विकासः**

१२७. "**सेवा प्रवाहको आधार सबल पूर्वाधार**" भन्ने मान्यतालई आत्मसात् गरी गण्डकी प्रदेशको साझेदारीमा गाउँपालिकाको प्रशासनिक भवन निर्माण कार्यलाई तीव्रता दिइनेछ । यहि गाउँसभाको कार्यकाल भित्रै गाउँपालिकाको प्रशासकीय भवन निर्माण कार्य सम्पन्न गर्न स्रोतको सुनिश्चित गरिनेछ।

१२८. बरेङ गाउँपालिकाको केन्द्रदेखि गुल्मीको चन्द्रकोट गाउँपालिकाको केन्द्र सम्म अर्थात गण्डकी प्रदेशलाई लुम्बिनी प्रदेशसँग जोड्ने रणनैतिक महत्वको हुग्दिशिर नयाँबजार सडक सङ्घीय सरकार र प्रदेश सरकारको साझेदारीमा स्तरोन्नति अर्थात कालोपत्रे गरिनेछ।

१२९. १० शैयाको अस्पताल भवन निर्माणको लागि प्रदेश सरकार र सङ्घीय सरकार समक्ष बजेट व्यवस्थापनको लागि आवश्यक पहलकदमी गरिनेछ ।

१३०. "**मजबुत सुरक्षित पूर्वाधार, दिगो विकासको आधार**" को मान्यता सहित गाउँपालिकाभित्रका सबै संरचनाहरूको गुणस्तर, दिगोपना र मजबुतीमा विशेष जोड दिंदै ठूला र दीर्घकालीन महत्वका पूर्वाधारजन्य योजना, निर्माण कार्य तथा संरचनाहरूको गुणस्तर परीक्षण (ल्याब टेस्ट) गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

१३१. गाउँपालिकाभित्र विस्तृत परियोजना प्रतिवेदन (DPR) तयार भइसकेका, रणनीतिक महत्वका सडकहरू र गाउँपालिकाको सडक तथा पर्यटन गुरुयोजनाको प्राथमिकताका आधारमा अध्ययन गरी आवश्यक लगानी गरिनेछ।

१३२. "हाम्रो पूर्वाधार सबैलाई बराबर" को नारासहित सार्वजनिक संरचनाहरूलाई बालमैत्री, अपाङ्गमैत्री, जेष्ठ नागरिक मैत्री र लैङ्गिकमैत्री बनाउँदै लगिनेछ।

१३३. "हरित सडक सुरक्षित सडक" कार्यक्रमको व्यवस्था मार्फत गाउँपालिकाभित्रका प्रमुख सडकहरूमा ट्राफिक चिन्हहरू तथा अन्य जानकारीमूलक बोर्डहरूको व्यवस्था गरिनेछ । अति जोखिमयुक्त सडकहरूमा दुर्घट्ना न्यूनीकरणको लागि संरचनात्मक निर्माणको व्यवस्थाको गरिनेछ ।

१३४. छिमेकी स्थानीय तहहरूसँग समन्वय गरी भगिनी सम्बन्धका पूर्वाधारहरू निर्माण गर्न पहलकदमी गरिनेछ ।

१३५. विगतका वर्षहरूमा निर्माण सम्पन्न भइसकेका योजनाहरूको नियमित मर्मत सम्भार र सञ्चालनका लागि स्थानीय सरोकारवालाहरूलाई जिम्मेवार बनाइनुका साथै तुरुन्तै मर्मत सम्भार गरी थप क्षति हुन नदिनका लागि मर्मत सम्भार कोषको परिचालनलाई थप व्यवस्थित

बनाइनेछ ।

१३६. गाउँपालिकाभित्रका जीर्ण झोलुङ्गे पुल विस्थापित गरी नयाँ निर्माण गर्न प्रदेश सरकार तथा अन्य सरोकारवाला निकायसँग समन्वय गरिनेछ। साथै सामान्य मर्मतका कार्यहरूलाई गाउँपालिकाबाट बजेट विनियोजन गर्ने व्यवस्था मिलाइनेछ ।

१३७. विद्युत आपूर्तिको अनियमितता अन्त्य गर्न सामुदायिक विद्युतीकरण उपभोक्ता समितिहरू र नेपाल विद्युत प्राधिकरणसँग आवश्यक समन्वय गरी काठका पोल विस्थापित गर्न पहल गरिनेछ ।

१३८. फोहोरमैला व्यवस्थापनको लागि विगतका वर्षहरूमा निर्माण गरिएका डम्पिङ साइट , इन्सिनिरेटरलाई थप व्यवस्थित गरिनेछ ।गाउँपालिका क्षेत्रभित्र फोहोरमैला सङ्कलन, पृथकीकरण, ओसारपसार, कम्पोष्ट प्लान्ट सञ्चालन सम्बन्धी कार्यहरू व्यवस्थापन तथा सञ्चालन गरिनेछ । सार्वजनिक स्थल र बजार क्षेत्रमा आवश्यकतानुसार सार्वजनिक शौचालय निर्माण गरिनेछ ।

१३९. सडकमा ढलान कार्य गर्दा दिगो हुने गरी डिजाइन, ईस्टिमेट गर्ने तथा सोही अनुरुप गुणस्तर कायम गरी निर्माण कार्य गरिनेछ। जटिल प्रविधिको प्रयोग गर्नुपर्ने तथा उपभोक्ता समितिबाट कार्यान्वयन गराउँदा लागतप्रभावी नहुने प्रकृतिका योजनाहरू ठेक्कापट्टा विधिमार्फत कार्यान्वयन गरिनेछ

१४०. विपत प्रतिकार्य योजना बनाउने,साथै सरोकारवाला हरूसँग समन्वय गरी विपत सम्बन्धी सचेतनामूलक कार्यक्रम र तालिम सञ्चालन गर्ने ।वर्षात पछिको सडक सरसफाइ कार्यलाई कार्यविधि बनाएर व्यवस्थित गरिनेछ ।

१४१. नयाँ ट्र्याक खोल्ने कार्यलाई निरुत्साहित गरी निर्माण गरिएका सडकहरूको निर्माण गर्ने कार्यलाई प्राथमिकता दिइनेछ ।

१४२. उच्च ग्रेडका सडकमा नालीविना लुज ग्रावेल बिच्छाउने कार्यलाई बन्द गरी नाली निर्माण र कम्प्याकसनसहितको ग्रावेलिङ गर्ने नीति अवलम्बन गरिनेछ ।

**(घ) वन, वातावरण तथा विपद व्यवस्थापनः**

१४३. "**हाम्रो गाउँ सुरक्षित बनाऔं**" को नारासहित बाढी, पहिरो लगायतका विपद जोखिमयुक्त बस्तीहरू संरक्षण गर्न, खोला कटान नियन्त्रण गर्न बायो-इन्जिनियरिङ्गको प्रयोग व्यापक रूपमा अङ्गिकार गर्दै ड्रेनको कार्यहरू गर्नुका अतिरिक्त गाउँपालिकाको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना कार्यान्वयन र विपद् व्यवस्थापनका सबै चरणका पूर्वतयारी सम्बन्धी व्यवस्था मिलाइनेछ ।

१४४. जलवायु परिवर्तन र वातावरण संरक्षण सम्बन्धमा अन्तर्राष्ट्रिय समुदाय समक्ष नेपालले गरेका महत्त्वपूर्ण प्रतिबद्धता र राष्ट्रिय लक्ष्यहरूलाई अत्यन्त संवेदनशील रूपमा ग्रहण गर्दै अनुकूलन र न्यूनीकरणका क्रियापलापहरू ठोस रूपमा अघि बढाइनेछ।

१४५. उन्नत र सुधारिएको चुह्लोको प्रयोग, प्राङ्गरिक खेती, कुहिने फोहरबाट कम्पोष्ट मल, सडक किनारामा वृक्षरोपण, खेर गएको पानीको प्रयोग, प्रयोग गर्न सक्ने घरमा ग्याँसको सट्टा बढी

मात्रामा ईण्डक्सन चुह्लो वा अन्य विद्युतीय चुह्लोको प्रयोग बढाउने, दैनिक जीवनमा ऊर्जा र पानीको प्रयोगमा किफायती बन्ने विषयहरूलाई प्रोत्साहन गर्दै नवीकरणीय ऊर्जा (सौर्य) को प्रयोगलाई समेत प्राथमिकतामा राखिनेछ ।

१४६. विभिन्न प्रकारका विपद् बाट उत्पन्न हुन सक्ने सङ्कटपूर्ण परिस्थितिलाई मध्यनजर गर्दै विपद् व्यवस्थापन कोषमा थप बजेट व्यवस्था गरिनेछ ।

**सञ्चार तथा सूचना प्रविधि**

१४७. "**मेरो घर, गाउँपालिकाको नजर**" भन्ने नारालाई सार्थक तुल्याउन डिजिटल प्रोफाइल अध्यावधिक गर्ने, डाटालाई एकीकृत गरी अभिलेख राख्ने र सबैको पँहुचमा पुर्याइनेछ ।

१४८. गाउँपालिकाको कार्य सम्पादनलाई छिटोछरितो, प्रविधिमैत्री, पारदर्शी र गुणस्तरीयता कायम गर्दै सूचना तथा प्रविधिको अधिकतम उपयोगमार्फत सेवाप्रवाह गरिनेछ । गाउँपालिकाका हरेक सूचना, कार्यक्रम, प्रगति विवरण, ऐन, कानुन, निर्देशिका, सम्पर्क विवरण अध्यावधिक गर्नुका साथै प्रकाशन गरिनेछ ।

१४९. गाउँपालिकाको साप्ताहिक गतिविधि,सूचना, सन्देश प्रवाहका लागि रेडियो कार्यक्रम सञ्चालनमा ल्याइनेछ । गाउँपालिकाभित्र सञ्चालित एफएम रेडियो लगायत छापा माध्यमबाट सूचना प्रसारण गरी आम नागरिकालाई सुसूचित गर्ने सञ्चार माध्यमहरूलाई आवश्यकता र औचित्यका आधारमा सहयोग गरिनेछ ।

**ङ) संस्थागत विकास, सेवा प्रवाह र सुशासन**

१५०. कर्मचारीको मनोबल उच्च बनाई कार्यसम्पादनमा शीघ्रता र गुणस्तरीयता अभिवृद्धि गर्नको लागि कार्यसम्पादनमा आधारित प्रोत्साहनको व्यवस्था गरिनेछ ।

१५१. सेवाग्राहीको सन्तुष्टि मापन गर्न, प्राप्त सल्लाह सुझाव अनुसार कार्यालयमा समयानुकूल सुधार गरी सेवा प्रवाहलाई थप प्रभावकारी बनाउन नागरिक मत सर्वेक्षण (Exit Poll) को व्यवस्था मिलाइनेछ ।

१५२. जनप्रतिनिधि र कर्मचारीहरूको क्षमता अभिवृद्धि गरी सेवा प्रवाहलाई थप व्यवस्थित र सहज बनाउन आवश्यक तालिमको व्यवस्था मिलाइनेछ ।

१५३. प्रदेश लोक सेवा आयोगबाट रिक्त दरबन्दीमा पदपूर्तिका लागि कर्मचारी सिफारिस भएर आएसँगै कार्यरत कर्मचारीहरूको कार्यसम्पादन क्षमता, दक्षता र कौशलताको आधारमा आन्तरिक सरुवा तथा जिम्मेवारी हेरफेर गरिनेछ ।

१५४. गाउँपालिकाको संस्थागत सुदृढीकरणको लागि अस्थायी संगठन तथा व्यवस्थापन सर्वेक्षण (O & M) प्रतिवेदन तयार गरिनेछ ।

१५५. सरकारी खर्चमा मितव्ययिता कायम गर्न सार्वजनिक कार्यक्रममा खादा, आयातित फूल माला, ब्याच तथा मायाको चिनो जस्ता सामानहरूको प्रयोगलाई निरुत्साहित गरिनेछ ।

१५६. जिन्सी निरीक्षण मार्फत गाउँपालिकाको समग्र सार्वजनिक सम्पत्तिको अभिलेख तयार गरी सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS) मा आबद्ध गरिनेछ र मर्मत तथा लिलाम गर्नुपर्ने मालसामानको कार्य प्रक्रिया अगाडि बढाइनेछ ।

१५७. खरिद प्रक्रियालाई व्यवस्थित बनाउनका लागि वार्षिक खरिद योजना बनाई लागु गरिने छ ।

साथै खरिद प्रक्रियालाई एकद्वार प्रणाली मार्फत सञ्चालनको व्यवस्था मिलाइने छ ।

१५८. उपभोक्ता हित संरक्षण र प्रवर्द्धनको लागि बजार अनुगमन कार्यलाई आवधिक रुपमा सञ्चालन गरी थप व्यवस्थित बनाइनेछ ।

१५९. अख्तियार दुरुपयोग अनुसन्धान आयोग, महालेखापरीक्षकको कार्यालय लगायतका संवैधानिक निकायबाट प्राप्त हुने सुझाव तथा निर्देशनहरूको पालना गरी भ्रष्टाचार र अनियमितता विरुद्ध शून्य सहनशीलताको नीतिलाई निरन्तरता दिइनेछ ।

१६०. सेवा प्रवाहको एकीकृत मापदण्ड तथा आन्तरिक नियन्त्रण प्रणालीको विकास गरी सोको प्रभावकारी कार्यान्वयन मार्फत वित्तीय लेखाङ्कन प्रणालीलाई पारदर्शी र सुदृढ बनाउने, आन्तरिक र अन्तिम लेखापरीक्षणबाट औंल्याइएका कैफियत तथा सुझावहरूको कार्यान्वयन स्तरबाटै सुधार गर्दै बेरुजुको स्तरलाई शून्यमा झार्न प्राथमिकता दिइनेछ ।

१६१. गाउँपालिकाको विकासका लागि अन्य स्थानीय तहसँग समन्वय र सहकार्य गर्दै भगिनी सम्बन्ध कायम गरी आर्थिक, सामाजिक तथा सांस्कृतिक सम्बन्ध विस्तारलाई निरन्तरता दिइनेछ ।

१६२. सेवाग्राहीहरूको सहजताका लागि वडा कार्यालयमा नै योजना सम्झौता गर्ने कार्यलाई निरन्तरता दिइनेछ । उपभोक्ता समिति मार्फत सञ्चालन हुने विकास योजनाहरूको कार्यान्वयनलाई व्यवस्थित एवं गुणस्तरीय बनाउनको लागि अभिमुखीकरण कार्यक्रमलाई थप प्रभावकारी बनाइनेछ ।

**सभाका सदस्यहरू,**

**अब म आर्थिक वर्ष २०८२/०८३ को लागि राजस्व नीति प्रस्तुत गर्न चाहन्छु ।**

**राजश्व नीतिः**

१६३. **"राजस्वको दर होइन दायरा बढाउँ"** भन्ने प्रमुख नीतिका साथ चालु आर्थिक वर्षको करको दरलाई यथावत राखी करको थप क्षेत्रको पहिचान गरी दायरा विस्तारमा जोड दिइनेछ ।

१६४. "गाउँपालिकालाई कर जनतालाई भर, कर तिर्न लाग्छ रहर" भन्ने वातावरण निर्माण गर्न व्यापक कर शिक्षा कार्यक्रम सञ्चालन गरिनेछ र आर्थिक वर्षको अन्त्य सम्ममा सबैभन्दा कर तिर्ने करदातालाई सम्मान गरिनेछ ।

१६५. आगामी आर्थिक वर्षमा एकीकृत सम्पत्ति कर लागु गर्नको लागि कार्यविधि निर्माण गरी सोको लगत सङ्कलन र अभिमूखीकरण गर्ने कार्यलाई प्राथमिकताका साथ अगाडि बढाइनेछ ।

१६६. टोल विकास संस्थाको गठन र परिचालनलाई प्राथमिकताका साथ घर बहाल कर सङ्कलन कार्यसँग आबद्ध गरिनेछ ।

१६७. बरेङ गाउँपालिका भित्रका सबै करदाताहरूको सुत्र प्रणालीमा लगत अद्यावधिक गर्न कार्ययोजना निर्माण गरी सबै वडाहरूमा घरदैलो अभियान सञ्चालन गरिनेछ । साथै सबै करदाताको अभिलेखलाई गाउँपालिकाको डिजिटल प्रोफाइलमा आबद्ध गरिनेछ ।

१६८. सम्पत्ति र भूमिकर (मालपोत) को लागि पौष मसान्तसम्म कर बुझाएमा १० प्रतिशत कर छुटको व्यवस्थालाई निरन्तरता दिइनेछ

१६९. कर विकास मार्फत फर्किन्छ घर घर" भन्ने मान्यताका साथ सबै वडामा करदाता शिक्षा

कार्यक्रम तथा घुम्ती कर सङ्कलन सप्ताह सञ्चालन गरिनेछ ।

१७०. धार्मिक पर्यटकीय क्षेत्र साग्दी सत्यवती मन्दिर परिसरमा सञ्चालन हुने अस्थायी पसल तथा व्यवसाय, पार्किङ संरचना, बरेङ फन पार्क तथा भैंसेखोला झरना जस्ता क्षेत्रलाई आवश्यकता अनुसार थप स्तरोन्नति गरी सो क्षेत्रलाई गाउँपालिकाको करको दायरामा ल्याइनेछ ।

**अन्य क्षेत्रहरू : सुरक्षा व्यवस्थापन**

१७१. गाउँपालिकाभित्र सुरक्षा संवेदनशील क्षेत्रहरूमा विगतमा व्यवस्था गरिएका सिसि क्यामेराहरूको नियमित मर्मत सम्भार गर्नुका साथै आवश्यकतानुसार थप गरिनेछ ।

१७२. गाउँपालिकाभित्र शान्ति सुव्यवस्था कायम गर्न जिल्ला र गाउँपालिकाभित्रका सबै सुरक्षा निकायहरूसँग समुचित समन्वय कायम गरिनेछ ।

निजी तथा गैरसरकारी सङ्घ संस्थाः

१७३. गाउँपालिकाको समग्र क्षेत्रहरूमा सन्तुलित विकास गर्नका लागि निजी तथा गैरसरकारी सङ्घ संस्थाहरूसँग सहकार्य गरिनेछ ।

१७४. निजी क्षेत्रसँग रहेको पुँजीलाई गाउँपालिकाभित्र परिचालन गर्ने वातावरण निर्माण गरिनुका साथै सामाजिक उत्तरदायित्व (Social Corporate Responsibility) बहन गर्नेतर्फ उन्मुख गराइनेछ।

**"समृद्ध बरेङ, सुखी बरेङवासी"** को दीर्घकालीन लक्ष्यमा पुग्न गाउँपालिकाले अवलम्बन गरेको वार्षिक नीति तथा कार्यक्रमको पूर्ण कार्यान्वयनका लागि सबै जनप्रतिनिधि, कर्मचारी, शिक्षक, समाजसेवी, राजनैतिक दल, पत्रकार, सुरक्षाकर्मी, गैरसरकारी सङ्घ संस्था तथा सबै विकासप्रेमी बरेङवासी नागरिकहरूको रचनात्मक सहयोगको अपेक्षा गर्दछु।

मितिः २०८२।०३।०८

**कृष्ण प्रसाद शर्मा**

**अध्यक्ष**

# बरेङ गाउँपालिकाको आर्थिक वर्ष २०८२/०८३ को बजेट वक्तव्य

**गाउँसभाका श्रद्धेय अध्यक्षज्यू,**

**गाउँसभाका सदस्यज्यूहरू,**

१. नेपालको संविधानको धारा २३० बमोजिम बरेङ गाउँपालिकाको यस गरिमामय गाउँसभामा उपाध्यक्षको हैसियतले बरेङ गाउँपालिकाको आर्थिक वर्ष २०८२/०८३ को नीति तथा कार्यक्रममा आधारित वार्षिक बजेट तथा कार्यक्रम प्रस्तुत गर्न यस सम्मानित सभामा उपस्थित भएको छु । यस बजेटलाई **समृद्ध बरेङ, सुखी बरेङवासी**को लक्ष्य हासिल गर्ने प्रमुख आधारका रूपमा लिएको छु।

२. यस अवसरमा म राष्ट्र, राष्ट्रियता, नेपाली जनताको रक्षा, लोकतन्त्र प्राप्ति, अग्रगामी परिवर्तन तथा सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपाल निर्माणका लागि विभिन्न समयमा भएका जनआन्दोलन, सशस्त्र सङ्घर्ष लगायतका विभिन्न आन्दोलनहरूमा आफ्नो अमूल्य जीवनको बलिदान गर्नुहुने सम्पूर्ण सहिदहरूमा हार्दिक श्रद्धाञ्जली अर्पण गर्न चाहन्छु । साथै बेपत्ता तथा घाइते योद्धाहरू र उहाँहरूको परिवारजनप्रति सहानुभूति प्रकट गर्दै उहाँहरूको अतुलनीय योगदानप्रति उच्च सम्मान व्यक्त गर्न चाहन्छु ।

३. जनतामा बढ्दो आकाङ्क्षा र गाउँपालिकाको सीमित स्रोतका बाबजुद प्राप्त सीमित स्रोत साधन र बजेटको विवेकपूर्ण विनियोजन र कुशल कार्यान्वयन गर्नुपर्ने वर्तमान तथ्यलाई आत्मसात गर्दै आगामी  आ. व. २०८२/०८३ को बजेट प्रस्तुत गरेको छु।

४. "**समृद्ध बरेङ, सुखी बरेङवासी**"को दीर्घकालीन लक्ष्य हासिल गर्न उत्पादन र उत्पादकत्व वृद्धि, आर्थिक, सामाजिक, भौतिक पूर्वाधार र मानवीय विकासमा जोड, सुशासन, सामाजिक न्यायमा आधारित समतामूलक समाजसहितको गाउँपालिकाका रूपमा स्थापित गर्न यो बजेट केन्द्रित गरेको छु ।

५. आर्थिक वर्ष २०८२/०८३ को बजेट तर्जुमा गर्दा मैले मूलतः नेपालको संविधान, प्रचलित कानुनहरू, नेपाल सरकारको सोह्रौं योजना, नेपाल सरकार तथा प्रदेश सरकारको नीति, कार्यक्रम तथा बजेट वक्तव्य, गण्डकी प्रदेश सरकारको आवधिक योजना, दिगो विकास लक्ष्य, स्थानीय तहको बजेट तर्जुमा दिग दर्शन, गाउँपालिकाद्वारा निर्मित विविध कानुनहरू, गाउँपालिकाको प्रथम आवधिक योजना, गाउँ कार्यपालिका र गाउँसभाका निर्णयहरूलाई मुख्य आधार बनाएको छु।साथै जिल्ला समन्वय समिति बागलुङ, गाउँपालिका स्तरीय राजनैतिक दलहरू लगायत विभिन्न क्षेत्रका सरोकारवालाहरू र बरेङवासी जनसमुदायबाट विभिन्न माध्यमबाट प्राप्त हुन आएका महत्त्वपूर्ण सुझावहरूलाई समेत बजेट निर्माणको  प्रमुख आधारका रूपमा लिएको छु ।

६. अनुत्पादक तथा अनावश्यक खर्च घटाउने, पुँजीगत बजेट वृद्धि र चालु खर्चमा मितव्ययिता ल्याउने गरी बजेट प्रस्ताव गरेको छु । साथै कार्यक्रमको छनोट, साधन स्रोतको बाँडफाँट र विनियोजनमा देखिने दोहोरोपनलाई न्यूनीकरण गर्न प्रशासनिक तथा प्राविधिक क्षमता, स्रोत तथा विनियोजनका बिचमा सन्तुलन कायम हुने व्यवस्था मिलाएको छु ।

**सभाका अध्यक्षज्यू,**

**सभाका सदस्यज्यूहरू,**

**७. अब म आर्थिक वर्ष २०८२/०८३ को बजेटका प्रमुख उद्देश्य तथा प्राथमिकता प्रस्तुत गर्न चाहन्छु।**

**बजेटका प्रमुख उद्देश्यहरू:**

१. बरेङ गाउँपालिकाको आर्थिक, सामाजिक रूपान्तरणको आधार तय गर्ने।
२. रोजगारी सिर्जना, गरिबी निवारण र सामाजिक न्यायका लागि उत्पादन र उत्पादकत्व वृद्धि गर्ने,
३. शिक्षा, स्वास्थ्य र खेलकुदको विकासका माध्यमबाट सामाजिक, सांस्कृतिक र मानवीय विकास गर्ने।
४. नागरिकहरूमा विकास र शासकीय लाभको समन्यायिक वितरण गर्ने।
५. नेपालको संविधानले परिकल्पना गरेको समाजवाद उन्मुख व्यवस्था निर्माणका लागि आधार तय गर्ने।
६. दिगो विकासका लक्ष्यहरूको स्थानीयकरण गरी कार्यक्रम कार्यान्वयन गर्ने।

**बजेटका प्राथमिकताहरू:**

१. कृषि तथा पशुपन्छी क्षेत्रको सुदृढीकरण, उत्पादन तथा उत्पादकत्व वृद्धि र बजारीकरण,
२. कृषि पर्यटनको विकास गरी बरेङलाई कृषि पर्यटनको हबको रूपमा स्थापित गर्ने,
३. गाउँपालिकाको भौतिक पूर्वाधार निर्माण तथा स्तरोन्नति,
४. स्थानीय श्रम र स्रोतसाधनको उपयोग, लघुउद्यम तथा रोजगारी सिर्जना,
५. आर्थिक, सामाजिक तथा मानवीय विकास,
६. वातावरणमैत्री, सुरक्षित र दिगो पूर्वाधार विकास,
७. गुणस्तरीय शिक्षा र आधारभूत स्वास्थ्य सेवा प्रवाह तथा विस्तार,
८. गाउँपालिकाको आवधिक योजनाले निर्दिष्ट गरेका योजना तथा कार्यक्रमहरू,
९. बिपद् व्यवस्थापन तथा विभिन्न महामारीहरूको रोकथाम तथा पूर्वतयारी,

**सभाका अध्यक्ष महोदय,**

**सभाका सदस्यज्यूहरू,**

**अब म आर्थिक वर्ष २०८०/०८१ को आयव्ययको यथार्थ स्थिति, चालु आ.व. २०८१/०८२ को आयव्ययको संसोधित अनुमान र आगामी आ.व. २०८२/०८३ को आयव्ययको प्रक्षेपण प्रस्तुत गर्न चाहन्छु।**

८. चालु आर्थिक वर्ष २०८१/०८२ मा रु. **४० लाख** राजस्व परिचालन हुने अनुमान रहेकोमा चालु आर्थिक वर्षको असार ८ गतेसम्म लक्ष्यको ९४.८१ प्रतिशत अर्थात् जम्मा रु. ३७ लाख ९२ हजार ५ सय ५ रुपियाँ ८६ पैसा सङ्कलन भएको छ । जसमा ५ वटै वडामा गरिएको घुम्ती कर सङ्कलन कार्यक्रमबाट २ लाख ५३ हजार ४५ रुपियाँ सङ्कलन भएको छ । त्यसैगरी चालु आर्थिक वर्षको असार ८ गते सम्म नेपाल सरकारबाट सशर्त अनुदान तर्फ रु. १७ करोड ९९ लाख ९९ हजार, समपूरकतर्फ ६१ लाख ६४ हजार ९ सय ४०, राजश्व बाँडफाँटतर्फ ५ करोड ४९ लाख १ हजार ५ सय ८० रुपियाँ ७० पैसा, वित्तीय समानीकरणतर्फ ७ करोड १२ लाख ५ हजार ७ सय ६० प्राप्त भएको छ। त्यसैगरी प्रदेश सरकार समपूरक अनुदानतर्फ रु. ३० लाख, विशेष अनुदानतर्फ रु. २० लाख, राजश्व बाँडफाँटतर्फ ३१ लाख ९९ हजार २ सय ७९ रुपियाँ ५३ पैसा र वित्तीय समानीकरणतर्फ

८९ लाख १७ हजार रूपियाँ प्राप्त भएको छ।

९. गत आ.व. २०८०/०८१ को आय र व्ययको यथार्थ विवरण, आर्थिक वर्ष २०८१।०८२ को आय व्ययको संशोधित अनुमान र आर्थिक वर्ष २०८२/०८३ को अनुमानित आयव्ययको विवरण अनुसूचीहरूमा उल्लेख गरेको छु।

**सभाका अध्यक्ष महोदय,**

**सभाका सदस्यज्यूहरू,**

**अब म क्षेत्रगत रूपमा आर्थिक वर्ष २०८२/०८३ को बजेट तथा कार्यक्रम प्रस्तुत गर्न चाहन्छु।**

**१. आर्थिक विकासः**

१०. बरेङ गाउँपालिकाको आर्थिक विकासको प्रमुख आधारका रूपमा रहेको कृषि, पशुपन्छी विकास, उद्योग तथा सहकारी क्षेत्रमा पर्याप्त लगानी गर्नुपर्ने अवस्थालाई मध्यनजर गर्दै आर्थिक विकास तर्फ ३ करोड ८ लाख रुपियाँ विनियोजन गरेको छु ।

११. स्थानीय डल्ले खुर्सानी र बेसार उत्पादन, प्रशोधन तथा बजारीकरण परियोजना व्यवस्थापनका लागि रू.१० लाख विनियोजन गरेको छु ।

१२. मासुमा आत्मनिर्भर कार्यक्रम कार्यान्वयनका लागि नयाँ बङ्गुर पकेट स्थापना र बाख्रामा नश्ल सुधार कार्यक्रमका लागि बजेट व्यवस्था गरेको छु ।

१३. गाउँपालिकाभित्रको कृषि उत्पादनलाई आन्तरिक बजारीकरण गर्ने उद्देश्यका साथ निर्माण भएको हाटबजार स्तरोन्नतिका लागि सङ्घीय सरकारसँग समन्वय गरी रू. १९ लाख ७५ हजार बजेट व्यवस्था गरेको छु ।

१४. "**बरेङको सान, आन्तरिक पर्यटन**" को नारासहित गाउँपालिकाभित्र रहेका पर्यटकीय सम्भावनाका स्थानहरूमा पर्यटकीय पूर्वाधार विकास र पर्यटन प्रवर्धन कार्यक्रमको व्यवस्था गरी आन्तरिक पर्यटन विकास गर्ने लक्ष्यसहित आवश्यक बजेट विनियोजन गरेको छु ।

१५. हाल मुलुकभर देखिएको सहकारी सम्बन्धी समस्यालाई मध्यनजर गर्दै सहकारी शिक्षा प्रदान गर्न र सहकारीहरूको सुदृढीकरण तथा क्षमता विकासका लागि बजेट विनियोजन गरेको छु ।

१६. **कृषिमा प्रविधि बरेङमा समृद्धिको** नारालाई सार्थक तुल्याउन साझेदार निकायसँगको साझेदारीमा सञ्चालित "**साना किसानसँग बरेङ**" कार्यक्रम निरन्तरताका लागि ८० लाख बजेट विनियोजन गरेको छु ।

१७. "**घरमै गरौं च्याउ खेती आत्मनिर्भर बनौं अबदेखि**" भन्ने नाराका साथ बरेङ गाउँपालिका वडा नं ५ सुखौरामा च्याउ पकेट कार्यक्रमलाई निरन्तरता दिन रू. ६ लाख बजेट व्यवस्था गरेको छु ।

१८. "**आफ्नै बारी, आफ्नै तरकारी, आत्मनिर्भर बरेङ हाम्रो जिम्मेवारी**" भन्ने नारासहित बरेङलाई तरकारी खेतीमा आत्मनिर्भर बनाउनका लागि रू. १२ लाख विनियोजन गरेको छु ।

१९. परम्परागत र निर्वाहमुखी कृषि प्रणालीलाई आधुनिक र व्यावसायिकतामा रुपान्तरण गर्न नविन कृषि प्रविधि र औजारहरू अनुदान स्वरुप उपलब्ध गराउन आवश्यक बजेट विनियोजन गरेको छु।

## २. सामाजिक विकासः

### शिक्षा, युवा तथा खेलकुद क्षेत्रः

२०. सुख, समृद्धि, गाउँपालिकाको सर्वाङ्गीण विकास, सामाजिक रुपान्तरण र आर्थिक समुन्नतिको आधारशिलाका रूपमा रहेको शिक्षा क्षेत्रको विकास गर्न सङ्घीय सरकार तथा प्रदेश सरकारसँग समन्वय गरी शिक्षातर्फ रु. १५ करोड ९६ लाख ४६ हजार ( जम्मा बजेटको ४१.२६ प्रतिशत) छुट्याएको छु।

२१. गाउँपालिकाभित्रका सामुदायिक विद्यालयहरूको शैक्षिक गुणस्तर वृद्धि गर्न गाउँपालिका अध्यक्ष शैक्षिक सुधार कार्यक्रमलाई निरन्तरता दिँदै रु. २० लाख विनियोजन गरेको छु ।

२२. "**गुणस्तरीय शिक्षाको हक, आवासीय विद्यालयले बसाल्छ जग**" भन्ने नारासहित विपन्न, बेसहारा, अभिभावकविहीन तथा विद्यालय समायोजन हुँदाका बखत विद्यालयको दुरी टाढा भइ विद्यालय जान कठिन भएका बालबालिकाहरूलाई लक्षित गरी **आवासीय विद्यालय सञ्चालन तथा व्यवस्थापन गर्न** रु.६ लाख पचास हजार बजेट विनियोजन गरेको छु ।

२३. वर्तमान प्रविधिको युगमा गाउँपालिकाका विद्यार्थीहरूलाई प्राविधिक शिक्षामा उत्प्रेरित गर्नका लागि प्राविधिक शिक्षा छात्रवृत्ति कार्यक्रम तर्फ रु. २ लाख ५० हजार बजेट व्यवस्था गरेको छु ।

२४. स्थानीय भाषा संस्कृति, परिवेश अनुकूल स्थानीय आवश्यकतालाई समेट्दै गाउँपालिकाको स्थानीय पाठ्यक्रममा आधारित कक्षा १ देखि ८ सम्मको स्थानीय पाठ्यपुस्तक व्यवस्था गर्न आवश्यक बजेट विनियोजन गरेको छु ।

२५. आर्थिक समस्याका कारण विद्यार्थीहरूले शैक्षिकसत्र पूरा नगरी बिचैमा कक्षा छोड्ने समस्या समाधान गर्न गाउँपालिकाभित्रका सामुदायिक विद्यालयका दलित, अपाङ्गता भएका, विपन्न तथा जेहनदार विद्यार्थीहरूका लागि छात्रवृत्ति कार्यक्रम सञ्चालनका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

२६. उच्च शिक्षामा गाउँपालिकावासीहरूको पहुँच वृद्धि गर्नका लागि गाउँपालिकाभित्रको एक मात्र सामुदायिक क्याम्पसलाई थप व्यवस्थित गर्न रु. ५ लाख विनियोजन गरेको छु ।

२७. गाउँपालिका अध्यक्ष कप प्रतियोगिता सञ्चालन गरी विद्यार्थी र विद्यालयहरूकोबिचमा स्वच्छ प्रतिस्पर्धा भावना र खेलकुद विकासलाई थप व्यवस्थित र सुदृढ बनाउन रु. ७ लाख विनियोजन गरेको छु ।

२८. गाउँपालिकाभित्र सञ्चालित विद्यालयमा प्रत्येक महिनाको कम्तिमा एक दिन **बुक फ्रि फ्राइडे** कार्यक्रम सञ्चालन गर्नका लागि बजेट विनियोजन गरेको छु ।

२९. शिक्षक र प्रधानाध्यापकहरूको क्षमता विकास गरी शिक्षण सिकाइ उपलब्धि वृद्धि गर्न शैक्षिक तालिमको लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।

### स्वास्थ्य, खानेपानी तथा सरसफाइः

३०. निःशुल्क आधारभूत स्वास्थ्य प्राप्त गर्ने नागरिकहरूको मौलिक हकको सुनिश्चितता गर्न स्वास्थ्य पूर्वाधारको विकास र बिस्तारप्रति विशेष ध्यान पुर्याउदै गुणस्तरीय र पर्याप्त आधारभूत स्वास्थ्य सेवा सबै बरेङवासी नागरिकहरूको पहुँचमा पुर्याउन स्वास्थ्य चौकी सञ्चालन,

सामुदायिक स्वास्थ्य इकाइ सुदृढीकरण, सञ्चालन तथा व्यवस्थापन, र थप स्वास्थ्य सेवाहरू बिस्तार गर्न स्वास्थ्यतर्फ रु. ५ करोड २१ लाख ४० हजार २२५ रुपियाँ बजेट विनियोजन गरेको छ ।

३१. मातृ शिशु स्वास्थ्य सुरक्षालाई थप व्यवस्थित र सुदृढ बनाई घरमा प्रसुतिशून्य गाउँपालिकाको पहिचान कायम राख्न गाउँपालिका भित्रका सबै बर्थिङ सेन्टर एवम् स्वास्थचौकीको सुदृढीकरण तथा व्यवस्थापनका लागि सङ्घीय सरकारसँगको समन्वयमा रु. १ करोड ३० लाख बजेट व्यवस्था गरेको छु।

३२. **"बरेङको ध्यान, स्वस्थ बरेङवासी अभियान"** लाई निरन्तरता दिँदै स्वास्थ्य तथा सरसफाइ सम्बन्धी जनचेतना अभिवृद्धि, योग, आयुर्वेद, प्राकृतिक चिकित्सा तथा अन्य वैकल्पिक चिकित्सा पद्धतिलाई प्रवर्धन गर्न आवश्यक बजेट व्यवस्था गरेको छु ।

३३. स्वास्थ्य चौकीहरूबाट निःशुल्क प्राप्त हुने बाहेकका अन्य अत्यावश्यक औषधीहरू सहुलियतपूर्ण रूपमा नागरिकहरूलाई उपलब्ध गराउने उद्देश्यले सञ्चालित सामुदायिक औषधी कार्यक्रमलाई निरन्तरता दिँदै थप बजेटको व्यवस्था मिलाएको छु।

३४. महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरूले गाउँपालिकाको आधारभूत स्वास्थ्य, सरसफाइ तथा पोषण सम्बन्धी क्षेत्रमा गरेको उल्लेखनीय कार्यको उच्च मूल्याङ्कन गर्दै उहाँहरूलाई सेवाप्रति उत्प्रेरित गर्न महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका ५० प्रतिशत छुटमा **स्वास्थ्य बिमा कार्यक्रम**लाई निरन्तरता दिएको छु । साथै क्षमता विकास तालिम र महिला स्वास्थ्य स्वयंसेविका मोबाइल स्वास्थ्य कार्यक्रमको समेत व्यवस्था मिलाएको छु ।

३५. **"बरेङको रहर, शून्य मातृ शिशु मृत्युदर"** कार्यक्रमलाई निरन्तरता दिनुका साथै स्वास्थ्य ल्याब नभएका वडाहरूका नागरिकहरूलाई लक्षित गर्दै प्रयोगशाला परीक्षण अभियानको लागि बजेट छुट्याएको छु ।

३६. आकस्मिक अवस्थाको व्यवस्थापनको लागि सबै स्वास्थ्य संस्थाहरूमा अक्सिजन सिलिण्डर र तालिम प्राप्त स्वास्थ्यकर्मीको व्यवस्थाका लागि बजेटको व्यवस्था गरेको छु ।

३७. "**स्वस्थ मन, समुन्नत जीवन**" भन्ने नारासहित मानसिक रोगीहरूका लागि औषधी उपचार खर्चको व्यवस्था गरेको छु ।

३८. "**समयमै परीक्षण रोगको निदान, स्वस्थ समुदाय बरेङको अभियान**" भन्ने नारासहित गाउँपालिकाका ५ वटै वडामा विशेषज्ञ स्वास्थ्य शिविर सञ्चालनका लागि बजेट विनियोजन गरेको छु ।

३९. विपन्न दीर्घरोगीहरूको आर्थिक अभावका कारण स्वास्थ्य उपचारमा समस्या आउन नदिनका लागि विपन्न दीर्घरोगी निःशुल्क स्वास्थ्य बिमा (५० % छुट) कार्यक्रमको लागि रु. ३ लाख विनियोजन गरेको छु ।

**भाषा, संस्कृति, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण**

४०. गाउँपालिकाभित्र रहेका सिमान्तकृत समुदाय र वर्गको सशक्तीकरण एवम् सकारात्मक विभेदका माध्यमबाट सामाजिक न्याय र समतामूलक समाज निर्माण गर्नका लागि महिला, बालबालिका, दलित, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिसहित सबै लक्षित वर्गहरूका

लागि सम्बोधन गर्न महिला बालबालिका, ज्येष्ठ नागरिक तथा समाजकल्याण शाखातर्फ रु. २४ लाख विनियोजन गरेको छ ।

४१. आर्थिक तथा सामाजिक रूपमा अति विपन्न बरेङवासी नागरिकहरूका लागि आर्थिक सहयोग गर्न र लोककल्याणकारी राज्यका रूपमा हाम्रो सरकारको जनतामाझ बलियो उपस्थिति देखाउन नमुनाका रूपमा लिएको "**गाउँपालिका अध्यक्ष सामाजिक संरक्षण, सुरक्षा तथा बचाउ** /SSP" कार्यक्रमलाई निरन्तरता दिई सञ्चालनका लागि रु. ७ लाख विनियोजन गरेको छ।

४२. **"लोक परम्परा, नाचगान र जात्रा, सामाजिक/ सांस्कृतिक रुपान्तरणमा बरेङको यात्रा"** अभियान अन्तर्गत गाउँपालिकाभित्रका विभिन्न स्थानीय मौलिक गीत संस्कृति, चाडपर्व, जात्रा, मेला, भेषभूषा लगायत परम्परागत जीवनशैलीलाई जीवन्त राख्न संस्कृति प्रवर्धन कार्यक्रमका लागि बजेट मिलाएको छ।

४३. बरेङ गाउँपालिका अन्तर्गत रहेका **ग** र **घ** वर्गका अपाङ्गता परिचयपत्र प्राप्त गरेका नागरिकहरूका लागि वार्षिक रु. २ हजारका दरले सामाजिक सुरक्षाभत्ता उपलब्ध गराउने कार्यक्रमलाई निरन्तरता दिन बजेट विनियोजन गरेको छ ।

४४. **"बालबालिकाको हक सुनिश्चित गरौं, बालमैत्री शासन स्थापना गरौं"** भन्ने नारासहित बालमैत्री स्थानीय शासन घोषणा तयारीका लागि आवश्यक बजेट विनियोजन गरेको छ ।

४५. आर्थिक अभावका कारण न्यायिक पहुँचबाट कोही पनि बरेङवासी जनता वञ्चित नहोउन् भन्ने उद्देश्यका साथ उपाध्यक्षसँग निःशुल्क कानुनी सहायता कार्यक्रमलाई निरन्तरता दिँदै आवश्यक बजेट विनियोजन गरेको छ ।

४६. समाज विकासको प्रमुख बाधकको रूपमा रहेको सामाजिक विभेद न्यूनीकरणका लागि सचेतनामूलक कार्यक्रम सञ्चालन गर्न आवश्यक बजेट विनियोजन गरेको छ।

## ३. पूर्वाधार विकासः

४७. "**पर्याप्त पूर्वाधार, सेवा प्रवाहको आधार**" भन्ने मान्यतालाई आत्मासात् गर्दै गाउँपालिकाबाट प्रदान गरिने सेवा प्रवाहलाई छिटो, छरितो र सहज बनाउन **गाउँपालिकाको प्रशासकीय भवन निर्माण गर्नका लागि** रु. २ करोड रकम विनियोजन गरेको छ। साथै यहि गाउँसभाको कार्यकालभित्रै गाउँपालिकाको प्रशासनिक भवन निर्माण कार्य सम्पन्न गर्न स्रोतको सुनिश्चित गरिनेछ।

४८. बरेङ गाउँपालिकाको केन्द्रदेखि गुल्मीको चन्द्रकोट गाउँपालिकाको केन्द्रसम्म अर्थात गण्डकी प्रदेशलाई लुम्बिनी प्रदेशसँग जोड्ने रणनैतिक महत्त्वको हुग्दिशिर नयाँबजार सडक स्तरोन्नति अर्थात कालोपत्रे गर्नका लागि सङ्घीय सरकार र प्रदेश सरकारको साझेदारीमा कार्यान्वयन गर्ने गरी रु. २ करोड ५० लाख बजेट विनियोजन गरेको छ।

४९. सङ्घीय सशर्त अनुदान अन्तर्गत कार्यान्वयन हुने गरी थपलुङ सल्यान गैरेढुङ्गा भित्रिवन सडक स्तरोन्नतिका लागि रु. २५ लाख बजेट व्यवस्था गरेको छ।

५०. "**सधैं र सबैका लागि सडक**" अभियानलाई निरन्तरता दिँदै वर्षात र विपद्को समयमा समेत यथाशीघ्र सडक सुचारु गर्न, वर्षभरि नै यातायात सञ्चालन गर्न र पूर्वाधारसँग सम्बन्धित संरचनाहरूको मर्मत सम्भारका लागि **मर्मत सम्भारकोष**मा रु. ५ लाख बजेट थप गर्नुका

साथै पुँजीगत भैपरी योजनाका लागि रु. ५ लाख विनियोजन गरेको छु।

५१. "**छिमेकी स्थानीय तहसँग साझेदारीको अभियान**" सहित गाउँपालिकासँग सिमाना जोडिएका छिमेकी स्थानीय तहहरूसँग सुसम्बन्ध, समन्वय र सहकार्यमार्फत् सीमाक्षेत्रको विकासमा हातेमालो गर्ने उद्देश्य सहित भगिनी सम्बन्ध पूर्वाधार अन्तर्गत रु. ५ लाख विनियोजन गरेको छु ।

## ४. वन, वातावरण र विपद् व्यवस्थापन

५२. चालु आर्थिक वर्षमा देखिएको खडेरी, आगजानी लगायतका महामारीहरूबाट अनुभव लिँदै विपद्बाट हुनसक्ने जोखिम र क्षति न्यूनीकरण गर्न आवश्यक पूर्वतयारी, उद्दार र राहत कार्य गर्न तथा विभिन्न प्रकारका प्राकृतिक तथा मानव सिर्जित बिपद्बाट बरेङवासी नागरिकलाई सुरक्षित राख्न बिपद् व्यवस्थापन कोषमा थप रु. ५ लाख बजेटको व्यवस्था गरेको छु ।

५३. सामुदायिक वन उपभोक्ता समितिहरूसँग साझेदारी गरी वनजङ्गलको संरक्षण सहित आर्थिक आयआर्जनको स्रोतका रूपमा उपयोग गर्न सामुदायिक वन साझेदारी कार्यक्रमका लागि रु. १ लाख ५० हजार विनियोजन गरेको छु ।

## १. सूचना प्रविधि, सुशासन तथा संस्थागत विकास

५४. सूचना प्रविधिको वर्तमान युगमा गाउँपालिकालाई सूचना र प्रविधिमैत्री बनाउन र सेवा प्रवाहमा नवीनता र शीघ्रता ल्याउन डिजिटल प्रोफाइल अध्यावधिक र आवधिक योजनाका लागि रु. १० लाख विनियोजन गरेको छु।

५५. गाउँपालिका र मातहतका निकायबाट सम्पादित कामहरू, गाउँपालिकाबाट निर्मित कानुन सम्बन्धी जानकारी, जनचेतनामूलक सन्देश र विभिन्न सूचनाहरू प्रवाह गरी बरेङवासी जनताहरूलाई सुसूचित गर्न रेडियो बिहानीसँग सहकार्य गरी कार्यक्रम प्रसारण गर्न आवश्यक बजेट व्यवस्था गरेको छु।

५६. सेवा प्रदायक कर्मचारी र नीति निर्माता जनप्रतिनिधिहरूलाई आमनागरिकप्रति जवाफदेही बनाउन सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ कार्यक्रमका लागि समेत रकम व्यवस्था गरेको छु ।

५७. स्थायी सरकारका रूपमा रहेको कर्मचारीतन्त्रको क्षमता वृद्धि गरी सार्वजनिक सेवा प्रवाहलाई चुस्तदुरुस्त र नतिजामुखी बनाउने उद्देश्यले कर्मचारी तालिम लगायत क्षमता विकाससँग सम्बन्धित कार्यक्रमका लागि बजेट व्यवस्था गरेको छु ।

## श्रम र रोजगारी सिर्जना

५८. गाउँपालिकाभित्र सञ्चालन हुने सडक, सिँचाइ, भवन, पुल, नदी नियन्त्रण, वृक्षरोपण लगायतका योजना तथा कार्यक्रममा आवश्यक पर्ने निर्माण सामग्री व्यवस्थापन गरी रोजगार सेवा केन्द्रमा सूचीकृत बेरोजगार व्यक्तिलाई काममा लगाउन राष्ट्रिय रोजगार कार्यक्रमसँग साझेदारी गर्न वडागत रूपमा बजेट व्यवस्था गरेको छु ।

५९. आन्तरिक रोजगारी प्रवर्धनको लागि वैदेशिक रोजगारबाट फर्किएका व्यक्तिलाई उद्यमशीलता प्रवर्धन कार्यक्रम सञ्चालन गर्न आवश्यक व्यवस्था मिलाएको छु ।

६०. सङ्घीय सरकारबाट प्राप्त भइरहने प्राविधिक सहायक र रोजगार सहायकको तलब आगामी आ.व का लागि प्राप्त नहुने हुँदा राष्ट्रिय रोजगार कार्यक्रमलाई प्रभावकारी रूपमा सञ्चालन गर्न

आवश्यक पर्ने हुनाले तथा रोजगार सेवा केन्द्रको सेवालाई निरन्तर रूपमा प्रवाह गर्न गाउँपालिकाबाट आवश्यक बजेट व्यवस्था गरेको छ ।

६१. गाउँपालिकाभित्र उपभोक्ता समितिहरूबाट सञ्चालित योजनाहरू कार्यान्वयन गर्दा अनिवार्य रूपमा निश्चित प्रतिशत कार्य स्थानीय बासिन्दाहरूको सहभागितामा नै गर्नुपर्ने प्रावधान राखी रोजगारीको अवसर सिर्जना हुने व्यवस्था मिलाएको छ ।

६२. आर्थिक वर्ष २०८२/०८३ का लागि गाउँपालिकास्तरीय, वडागत, विषयगत शाखा, आर्थिक, सामाजिक, पूर्वाधार, वन, वातावरण तथा विपद् व्यवस्थापन, सुशासन तथा संस्थागत विकासमा विनियोजन भएको बजेट अनुसूचीमा समावेश गरेको छ।

**सभाका अध्यक्ष महोदय,**

**गाउँसभाका सदस्यज्यूहरू,**

अब म बजेटमा उल्लिखित क्षेत्रगत नीति तथा कार्यक्रमहरू कार्यान्वयन गर्न आवश्यक पर्ने बजेट विनियोजन र स्रोत अनुमान प्रस्तुत गर्न चाहन्छु।

६३. आर्थिक वर्ष २०८२।०८३ को प्रस्तावित नीति तथा कार्यक्रम कार्यान्वयन गर्न जम्मा रु. **३८ करोड ९० लाख ४० हजार ८ सय २८** खर्च हुने अनुमान गरेको छ ।

६४. आगामी आर्थिक वर्षका लागि अनुमान गरिएको खर्च बेहोर्ने स्रोतमध्ये नेपाल सरकारबाट प्राप्त हुने वित्तीय समानीकरण अनुदान रु. ७ करोड ४१ लाख, सङ्घीय विभाज्य कोषबाट प्राप्त हुने राजश्व बाँडफाँट (वन रोयल्टी र विद्युत समेत) रु. ६ करोड ५३ लाख ९२ हजार ६ सय २०, सशर्त अनुदान चालु रु. १८ करोड ७६ लाख, सशर्त अनुदान पुँजीगत २५ लाख, प्रदेश सरकारबाट प्राप्त हुने वित्तीय समानीकरण अनुदान रु. ८८ लाख ८५ हजार, प्रदेश राजश्व बाँडफाँट रु. ६९ लाख ७४ हजार, नेपाल सरकारबाट प्राप्त समपूरक अनुदान रु. ९१ लाख, प्रदेश सरकारबाट प्राप्त हुने विशेष अनुदान रु. ४० लाख र समपूरक अनुदान रु. ६० लाख, गत आ.व को अल्या रु. ७७ लाख ८९ हजार २ सय ८, गाउँपालिकाको आन्तरिक आय रु. ३५ लाख प्राप्त हुने अनुमान गरेको छ।

**सभाका अध्यक्ष महोदय,**

**सभाका सदस्यज्यूहरू,**

**अब म आ.व २०८२।०८३ को लागि व्यय अनुमानको विवरण प्रस्तुत गर्न चाहन्छु ।**

६५. आ.व २०८२/०८३ मा प्राप्त हुने अनुमानित कुल रु. ३८ करोड ९० लाख ४० हजार ८ सय २८ रुपैयाँ बजेट मध्ये कुल विनियोजनयोग्य बजेट रु.१६ करोड ६६ लाख ४० हजार ८ सय २८ मात्र रहेको र सो मध्ये प्रशासनिक खर्चतर्फ रु. ४ करोड ९३ लाख ९९ हजार ३ सय ३ र पुँजीगततर्फ रु. ७ करोड ३१ लाख ३० हजार मात्र रहेको छ । कुल बजेट मध्ये वडास्तरीय योजना तथा कार्यक्रमका लागि ३ करोड र विषयगत शाखाहरूका लागि रु. ३ करोड ९२ लाख ९१ हजार ५ सय २५ रुपियाँ र समपूरक कोषतर्फ रु. १ करोड ७९ लाख, गाउँपालिका स्तरीय योजना तथा कार्यक्रमहरूका लागि २ करोड ९९ लाख ५० हजार रुपियाँ मात्र विनियोजन गरेको छ । सङ्घ र प्रदेश सरकारबाट प्राप्त सशर्त, विशेष र समपूरक अनुदान तर्फका योजना तथा कार्यक्रमहरू अनुसूचीमा संलग्न गरेको छ ।

**सभाका अध्यक्ष महोदय,**
**सभाका सदस्यहरू,**

६६. प्राप्त बजेट तथा स्रोत साधनको अधिकतम प्राथमिकीकरण गरी विनियोजन गरिएको यस वार्षिक बजेटको कार्यान्वयनमा सोही बमोजिम बरेङबासी नागरिकहरूको रचनात्मक र अर्थपूर्ण सहभागितालाई सुनिश्चितता गर्दै जनताद्वारा, जनताका लागि, जनताका माध्यमबाट नै गरिने शासन पद्धतिको वास्तविक अनुभूति दिलाउन हाम्रो सरकार पूर्ण रूपमा इमान्दार प्रयासरत र प्रतिबद्ध छ।

६७. यो बजेट तर्जुमाका लागि मार्गदर्शन गर्नुहुने सङ्घ तथा प्रदेश सरकार, गाउँपालिका अध्यक्ष, गाउँसभाका सदस्यहरू, गाउँपालिकाका पूर्व जनप्रतिनिधिहरू, शिक्षकहरू, विभिन्न राजनीतिक दल, राष्ट्रसेवक कर्मचारी, निजी क्षेत्र, सहकारी क्षेत्र, सुरक्षाकर्मी, नागरिक समाजका व्यक्तित्वहरू, समाजसेवी, बुद्धिजीवि, पत्रकार तथा विद्यार्थीहरूबाट प्राप्त सुझाव, सहयोग र सल्लाहप्रति हार्दिक आभार प्रकट  गर्दछु।

६८. आर्थिक वर्ष २०८२/०८३ को एकीकृत बजेट तथा कार्यक्रमहरू अनुसूचीमा उल्लेख गरेको छु र यथाशीघ्र वार्षिक बजेट पुस्तिका  प्रकाशन गरी सबै बरेङवासी नागरिकहरू र सरोकारवालाहरू समक्ष उपलब्ध गराउनुका साथै गाउँपालिकाको वेबसाइटमा सार्वजनिक गर्ने व्यवस्था समेत मिलाएको छु ।

६९. अन्त्यमा, गाउँपालिकाको सर्वाङ्गीण विकास, सामाजिक न्याय, समता, नागरिकको खुसी र समृद्धिको दीर्घकालीन गन्तव्य हासिल गर्ने एक माध्यमका रूपमा हाम्रो सरकारले लिएको प्रस्तुत बजेट तथा कार्यक्रमको सफल कार्यान्वयनका लागि विगतमा जस्तै राष्ट्र सेवक कर्मचारी, देशभित्र र बाहिर रहनु भएका विकासप्रेमी बरेङवासी नागरिक, राजनैतिक दलहरू लगायत सबै पक्षको अपनत्व र पूर्ण सहयोग प्राप्त हुने विश्वास लिएको छु ।

**धन्यवाद ।**

**दिलिप कुमार पुन**
**उपाध्यक्ष**

**मितिः २०८२।०३।०८**

आ.व. : २०८२/८३  बजेट उपशीर्षक : बरेङ गाउँपालिका चालु प्रशासनीक खर्च

| क्र.सं. | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | खर्च शीर्षक | स्रोत | जम्मा |
|---|---|---|---|---|
| | ८०४४५५०६१०१ बरेङ गाउँपालिका | | | |
| १ | पारिश्रमिक कर्मचारी | २११११ | आन्तरिक श्रोत - नगद | १७०००००. |
| २ | पारिश्रमिक कर्मचारी | २११११ | राजस्व बाँडफाँड - सङ्घीय सरकार - नगद | ११७००००००. |
| ३ | पारिश्रमिक कर्मचारी | २११११ | राजस्व बाँडफाँड — स्थानीय - नगद | १०००००. |
| ४ | पारिश्रमिक पदाधिकारी | २१११२ | राजस्व बाँडफाँड - सङ्घीय सरकार - नगद | ६५१३०००. |
| ५ | एक गाउँ एक कृषि पशु प्राविधिक पोशाक | २११२१ | राजस्व बाँडफाँड - सङ्घीय सरकार - नगद | २००००. |
| ६ | पोशाक | २११२१ | राजस्व बाँडफाँड - सङ्घीय सरकार - नगद | ४७२८००. |
| ७ | स्थानीय भत्ता | २११३१ | राजस्व बाँडफाँड - सङ्घीय सरकार - नगद | १४०००००. |
| ८ | स्थानीय भत्ता | २११३१ | आन्तरिक श्रोत - नगद | ५०००००. |
| ९ | महंगी भत्ता | २११३२ | राजस्व बाँडफाँड - सङ्घीय सरकार - नगद | १३४००००. |
| १० | महंगी भत्ता | २११३२ | आन्तरिक श्रोत - नगद | १००००००. |
| ११ | कर्मचारीको बैठक भत्ता | २११३४ | राजस्व बाँडफाँड - सङ्घीय सरकार - नगद | ३५००००. |
| १२ | कर्मचारी प्रोत्साहन तथा पुरस्कार | २११३५ | आन्तरिक श्रोत - नगद | ५०००००. |
| १३ | गाउँपालिकाको कार्यसम्पादन मूल्याँकन प्रणाली सम्बन्धी खर्च | २११३५ | राजस्व बाँडफाँड - प्रदेश सरकार - नगद | १०००००. |
| १४ | अन्य भत्ता | २११३९ | राजस्व बाँडफाँड - सङ्घीय सरकार - नगद | १८६०९१. |

| | | | | |
|---|---|---|---|---|
| १५ | नीति तथा कार्यक्रम,बजेट तर्जुमा | २११३९ | आन्तरिक श्रोत - नगद | ३०००००. |
| १६ | पदाधिकारी बैठक भत्ता | २११४१ | राजस्व बाँडफाँड - प्रदेश सरकार - नगद | ४०००००. |
| १७ | पदाधिकारीअन्य सुविधा | २११४२ | राजस्व बाँडफाँड - सङ्घीय सरकार - नगद | ५०००००. |
| १८ | कर्मचारीको सामाजिक सुरक्षा कोष खर्च | २१२११ | राजस्व बाँडफाँड - सङ्घीय सरकार - नगद | ५०४०००. |
| १९ | कर्मचारीको योगदानमा आधारित निवृतिभरण तथा उपदान कोष खर्च | २१२१२ | आन्तरिक श्रोत - नगद | ९००००. |
| २० | कर्मचारीको योगदानमा आधारित निवृतिभरण तथा उपदान कोष खर्च | २१२१२ | राजस्व बाँडफाँड - सङ्घीय सरकार - नगद | ४५००००. |
| २१ | कर्मचारीको योगदानमा आधारित बिमा कोष खर्च | २१२१३ | राजस्व बाँडफाँड - सङ्घीय सरकार - नगद | १६००००. |
| २२ | कर्मचारीको योगदानमा आधारित बिमा कोष खर्च | २१२१३ | आन्तरिक श्रोत - नगद | २७२००. |
| २३ | कर्मचारी कल्याण कोष | २१२१४ | राजस्व बाँडफाँड - सङ्घीय सरकार - नगद | १२०००००. |
| २४ | पानी तथा बिजुली | २२१११ | राजस्व बाँडफाँड - सङ्घीय सरकार - नगद | ३५००००. |
| २५ | संचार महसुल | २२११२ | राजस्व बाँडफाँड - सङ्घीय सरकार - नगद | ५५००००. |
| २६ | इन्धन (पदाधिकारी) | २२२११ | राजस्व बाँडफाँड - सङ्घीय सरकार - नगद | ७०००००. |
| २७ | इन्धन (कार्यालय प्रयोजन) | २२२१२ | राजस्व बाँडफाँड - सङ्घीय सरकार - नगद | ७०००००. |
| २८ | सवारी साधन मर्मत खर्च | २२२१३ | राजस्व बाँडफाँड - सङ्घीय सरकार - नगद | १५०००००. |
| २९ | बिमा तथा नवीकरण खर्च | २२२१४ | राजस्व बाँडफाँड - सङ्घीय सरकार - नगद | १०००००. |
| ३० | बिमा तथा नवीकरण खर्च | २२२१४ | राजस्व बाँडफाँड - प्रदेश सरकार - नगद | ५००००. |
| ३१ | ICT व्यवस्थापन-सिसी क्यामेरा र सोलार बत्ती | २२२३१ | नेपाल सरकार - समानिकरण अनुदान | ३०००००. |

| | | | | |
|---|---|---|---|---|
| ३२ | निर्मित सार्वजनिक सम्पत्तिको मर्मत सम्भार खर्च | २२२३१ | राजस्व बाँडफाँड - सङ्घीय सरकार - नगद | २०००००. |
| ३३ | मसलन्द तथा कार्यालय सामाग्री | २२३११ | आन्तरिक श्रोत - नगद | २०००००. |
| ३४ | मसलन्द तथा कार्यालय सामग्री | २२३११ | राजस्व बाँडफाँड - सङ्घीय सरकार - नगद | ११६००००. |
| ३५ | इन्धन - अन्य प्रयोजन | २२३१४ | राजस्व बाँडफाँड - सङ्घीय सरकार - नगद | १०००००. |
| ३६ | पत्रपत्रिका, छपाइ तथा सूचना प्रकाशन खर्च | २२३१५ | राजस्व बाँडफाँड - प्रदेश सरकार - नगद | ५००००. |
| ३७ | पत्रपत्रिका, छपाइ तथा सूचना प्रकाशन खर्च | २२३१५ | राजस्व बाँडफाँड - सङ्घीय सरकार - नगद | ५०००००. |
| ३८ | सूचना प्रणाली तथा सफ्टवेयर सञ्चालन खर्च | २२४१२ | राजस्व बाँडफाँड - सङ्घीय सरकार - नगद | २५००००. |
| ३९ | एक गाउँ एक कृषि पशु प्राविधिकको तलब भत्ता | २२४१३ | राजस्व बाँडफाँड - सङ्घीय सरकार - नगद | ३९४८२४. |
| ४० | एक गाउँ एक कृषि पशु प्राविधिकको तलब भत्ता | २२४१३ | आन्तरिक श्रोत - नगद | १३१६०८. |
| ४१ | एम आइ एस अपरेटरको तलब भत्ता (६ महिनाको ) | २२४१३ | राजस्व बाँडफाँड - सङ्घीय सरकार - नगद | १०४४००. |
| ४२ | एम आइ एस अपरेटरको तलब भत्ता (६ महिनाको ) | २२४१३ | आन्तरिक श्रोत - नगद | १०४४००. |
| ४३ | करार सेवा शुल्क | २२४१३ | राजस्व बाँडफाँड - सङ्घीय सरकार - नगद | ६००००००. |
| ४४ | प्राविधिक सहायक र रोजगार सहायकको तलब भत्ता | २२४१३ | राजस्व बाँडफाँड - सङ्घीय सरकार - नगद | ९०२९८०. |
| ४५ | फिल्ड सहायकको तलब भत्ता (६ महिनाको ) | २२४१३ | आन्तरिक श्रोत - नगद | ९९०००. |
| ४६ | फिल्ड सहायकको तलब भत्ता (६ महिनाको ) | २२४१३ | राजस्व बाँडफाँड - सङ्घीय सरकार - नगद | ९९०००. |
| ४७ | कार्यक्रम खर्च | २२५२२ | राजस्व बाँडफाँड - सङ्घीय सरकार - नगद | २०००००. |
| ४८ | राजश्व संकलन घुम्ती शिविर तथा कर शिक्षा | २२५२२ | आन्तरिक श्रोत - नगद | १०००००. |

| | | | | |
|---|---|---|---|---|
| ४९ | भ्रमण खर्च | २२६१२ | राजस्व बाँडफाँड - सङ्घीय सरकार - नगद | १४०००००. |
| ५० | गाउँपालिका महासङ्घ सदस्यता शुल्क | २२७११ | राजस्व बाँडफाँड - सङ्घीय सरकार - नगद | ४००००. |
| ५१ | विविध खर्च | २२७११ | राजस्व बाँडफाँड - सङ्घीय सरकार - नगद | ७०००००. |
| ५२ | कार्यपालिका बैठक संचालन खर्च | २२७२१ | राजस्व बाँडफाँड - सङ्घीय सरकार - नगद | १५००००. |
| ५३ | सभा सञ्चालन खर्च | २२७२१ | राजस्व बाँडफाँड - सङ्घीय सरकार - नगद | २५००००. |
| ५४ | धार्मिक तथा सांस्कृतिक संस्था सहायता | २५३१४ | राजस्व बाँडफाँड - सङ्घीय सरकार - नगद | ७५०००. |
| ५५ | अन्य सस्था सहायता | २५३१५ | राजस्व बाँडफाँड - सङ्घीय सरकार - नगद | ७५०००. |
| ५६ | घरभाडा | २८१४२ | राजस्व बाँडफाँड - सङ्घीय सरकार - नगद | ८०००००. |
| ५७ | सवारी साधन तथा मेशिनर औजार भाडा | २८१४३ | राजस्व बाँडफाँड - सङ्घीय सरकार - नगद | ४०००००. |
| ५८ | राजस्व फिर्ता | २८२११ | राजस्व बाँडफाँड - सङ्घीय सरकार - नगद | ५००००. |
| ५९ | सवारी साधन | ३११२१ | नेपाल सरकार - समानिकरण अनुदान | ८०००००. |
| ६० | मेशिनरी तथा औजार | ३११२२ | राजस्व बाँडफाँड - सङ्घीय सरकार - नगद | ५०००००. |
| ६१ | फर्निचर तथा फिक्चर्स | ३११२३ | राजस्व बाँडफाँड - सङ्घीय सरकार - नगद | ६०००००. |
| ६२ | कम्प्युटर सफ्टवेयर निर्माण तथा खरीद खर्च | ३११३४ | राजस्व बाँडफाँड - सङ्घीय सरकार - नगद | ४०००००. |
| कुल जम्मा | | | | ५०५९९३०३. |

| आ.व. : २०८२/८३ बजेट उपशीर्षक : गाउँपालिकास्तरिय र विविध | | | | |
|---|---|---|---|---|
| क.सं. | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | खर्च शीर्षक | स्रोत | जम्मा |
| ८०४४५५०६१०९ गाउँपालिकास्तरिय र विविध | | | | |
| १ | सामुदायिक रेडियो सूचना प्रसारण (वार्षिक) | २२३१५ | राजस्व बाँडफाँड - सङ्घीय सरकार - नगद | १०००००. |
| २ | सामुदायिक रेडियो सूचना प्रसारण (वार्षिक) | २२३१५ | आन्तरिक श्रोत - नगद | २०००००. |
| ३ | सेवा परामर्श(आवधिक योजना र डिजिटल प्रोफाईल अपडेट) | २२४११ | नेपाल सरकार - समानिकरण अनुदान | १००००००. |
| ४ | न्यायिक क्षमता विकास कार्यक्रम | २२५१२ | गण्डकी प्रदेश - समानिकरण अनुदान | ५०००००. |
| ५ | कर्मचारी तथा जनप्रतिनिधि अध्ययन अवलोकन भ्रमण | २२५२२ | राजस्व बाँडफाँड - प्रदेश सरकार - नगद | ७०००००. |
| ६ | संस्कृति संरक्षण कार्यक्रम | २२५२२ | नेपाल सरकार - समानिकरण अनुदान | ६५०००. |
| ७ | संस्कृति संरक्षण कार्यक्रम | २२५२२ | आन्तरिक श्रोत - नगद | ८५०००. |
| ८ | सहकारी शिक्षा तथा संस्थागत सुदृढीकरण | २२५२२ | राजस्व बाँडफाँड - प्रदेश सरकार - नगद | १०००००. |
| ९ | सार्वजनिक सुनुवाई | २२५२९ | राजस्व बाँडफाँड - सङ्घीय सरकार - नगद | १५००००. |
| १० | इपरी न्यूज बरेङ शाखा | २५३१५ | राजस्व बाँडफाँड - सङ्घीय सरकार - नगद | १०००००. |
| ११ | गाउँपालिका अध्यक्ष सामाजिक सुरक्षा तथा बचाउ कार्यक्रम | २७२१२ | आन्तरिक श्रोत - नगद | ७०००००. |
| १२ | पुंजीगत भैपरी | ३१५११ | राजस्व बाँडफाँड - सङ्घीय सरकार - नगद | १०००००. |
| १३ | पुंजीगत भैपरी | ३१५११ | आन्तरिक श्रोत - नगद | ४०००००. |
| १४ | विपद् व्यवस्थापन कोष | २७२१२ | आन्तरिक श्रोत - नगद | ५०००००. |

| | | | | |
|---|---|---|---|---|
| १५ | प्रशासकीय भवन निर्माण | ३१११२ | गण्डकी प्रदेश - समानिकरण अनुदान | २४१५०००. |
| १६ | प्रशासकीय भवन निर्माण | ३१११२ | नेपाल सरकार - समानिकरण अनुदान | १७५८५०००. |
| १७ | भूमि समस्या समाधान प्रशासनिक खर्च | ३१११४ | राजस्व बाँडफाँड - सङ्घीय सरकार - नगद | २०००००. |
| १८ | गाउँपालिका रिङरोड सडक स्तरोन्नती | ३११५१ | नेपाल सरकार - समानिकरण अनुदान | २००००००. |
| १९ | वन वातावरण/साझेदारी कार्यक्रम | ३११५७ | गण्डकी प्रदेश - समानिकरण अनुदान | १५००००. |
| २० | पूर्ण सरसफाइ कार्यक्रम | ३११५८ | नेपाल सरकार - समानिकरण अनुदान | १०००००. |
| २१ | पर्यटन पूर्वाधार | ३११५९ | नेपाल सरकार - समानिकरण अनुदान | ५०००००. |
| २२ | भगिनी सम्बन्ध पूर्वाधार | ३११५९ | नेपाल सरकार - समानिकरण अनुदान | ५०००००. |
| २३ | युवा क्लव,आमा समुहसँग साझेदारी कार्यक्रम | ३११५९ | आन्तरिक श्रोत - नगद | ८०००००. |
| २४ | मर्मत संभार कोष | ३११७१ | राजस्व बाँडफाँड - सङ्घीय सरकार - नगद | ५००००. |
| २५ | मर्मत संभार कोष | ३११७१ | नेपाल सरकार - समानिकरण अनुदान | ४५००००. |
| २६ | सर्वोदय क्याम्पस अनुदान | २५३११ | नेपाल सरकार - समानिकरण अनुदान | ५००००० |
| कुल जम्मा | | | | २९९५००००. |

| आ.व. : २०८२/८३ बजेट उपशीर्षक : शिक्षा शाखा | | | | |
|---|---|---|---|---|
| क्र.सं. | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | खर्च शीर्षक | स्रोत | जम्मा |
| ८०४४५५०६१०७ शिक्षा शाखा | | | | |
| १ | प्रारम्भिक बालविकास सहजकर्ता तलबभत्ता | २१११११ | राजस्व बाँडफाँड - सङ्घीय सरकार - नगद | २४९६०००. |
| २ | विद्यालय कर्मचारी (लेखापाल) तलबभत्ता | २१११११ | राजस्व बाँडफाँड - सङ्घीय सरकार - नगद | ३६४०००. |
| ३ | विद्यालय कार्यालय सहयोगी तलबभत्ता | २१११११ | राजस्व बाँडफाँड - सङ्घीय सरकार - नगद | २७३००००. |
| ४ | सामूदायिक सिकाई केन्द्र परिचालिका तलब भत्ता थप | २१११११ | राजस्व बाँडफाँड - सङ्घीय सरकार - नगद | १२४०००. |
| ५ | कक्षा ६-१० गणित, विज्ञान र अङ्ग्रेजी विषयको अतिरिक्त कक्षा सञ्चालन | २११३९ | राजस्व बाँडफाँड - प्रदेश सरकार - नगद | ६१५०००. |
| ६ | गाउँपालिका स्तरीय शैक्षिक कोष | २११३९ | राजस्व बाँडफाँड - सङ्घीय सरकार - नगद | २०००००. |
| ७ | प्रधानाध्यापक प्रोत्साहन भत्ता | २११३९ | आन्तरिक श्रोत - नगद | १०२०००. |
| ८ | प्र.अ./शिक्षक, शिक्षा सम्बन्धी बैठक तथा यातायात खर्च | २११४१ | राजस्व बाँडफाँड - प्रदेश सरकार - नगद | २०००००. |
| ९ | शैक्षिक सामग्री निर्माण, छपाई तथा खरिद | २२३१३ | गण्डकी प्रदेश - समानिकरण अनुदान | १०००००. |
| १० | स्थानीय पाठ्यपुस्तक निर्माण तथा छपाई | २२३१५ | गण्डकी प्रदेश - समानिकरण अनुदान | २५००००. |
| ११ | शैक्षिक तालिम तथा उत्प्रेरणा कार्यक्रम | २२५१२ | राजस्व बाँडफाँड - सङ्घीय सरकार - नगद | २०००००. |
| १२ | अध्यक्ष कप रनिङशिल्ड प्रतियोगिता | २२५२२ | राजस्व बाँडफाँड - सङ्घीय सरकार - नगद | ७०००००. |
| १३ | उत्कृष्ट शिक्षक तथा कर्मचारी सम्मान | २२५२२ | राजस्व बाँडफाँड - प्रदेश सरकार - नगद | १०००००. |
| १४ | सिकाइ उपलब्धि मापन परीक्षा तथा पुरस्कार | २२५२२ | गण्डकी प्रदेश - समानिकरण अनुदान | २०००००. |

| | | | | |
|---|---|---|---|---|
| १५ | सिकाइ उपलब्धि मापन परीक्षा तथा पुरस्कार | २२५२२ | राजस्व बाँडफाँड - सङ्घीय सरकार - नगद | ५००००. |
| १६ | अन्तर विद्यालय स्तरीय अतिरिक्त क्रियाकलाप सञ्चालन तथा पुरस्कार | २२५२९ | नेपाल सरकार - समानिकरण अनुदान | १०००००. |
| १७ | खेलकुद विकास कार्यक्रम | २२५२९ | गण्डकी प्रदेश - समानिकरण अनुदान | ५०००००. |
| १८ | बुक फ्रि फ्राइडे | २२५२९ | राजस्व बाँडफाँड - प्रदेश सरकार - नगद | ३०००००. |
| १९ | विषय विशेषज्ञद्वारा नमुना कक्षा शिक्षण कार्यक्रम तथा बैठक | २२५२९ | राजस्व बाँडफाँड - प्रदेश सरकार - नगद | १०००००. |
| २० | विद्यालय अनुगमन तथा सुपरीवेक्षण /भ्रमण खर्च | २२६११ | राजस्व बाँडफाँड - सङ्घीय सरकार - नगद | १२०००. |
| २१ | विद्यालय अनुगमन तथा सुपरीवेक्षण /भ्रमण खर्च | २२६११ | राजस्व बाँडफाँड - प्रदेश सरकार - नगद | १०००००. |
| २२ | आवि मावि निःशुल्क परीक्षा | २२७११ | नेपाल सरकार - समानिकरण अनुदान | ८०००००. |
| २३ | बाल विकास केन्द्र शैक्षिक सामग्री व्यवस्थापन | २२७११ | नेपाल सरकार - समानिकरण अनुदान | २०००००. |
| २४ | आवासीय विद्यालय व्यवस्थापन | २५३११ | गण्डकी प्रदेश - समानिकरण अनुदान | ६५००००. |
| २५ | कक्षा ६ का विद्यार्थीका लागि दिवा खाजा व्यवस्थापन | २५३११ | राजस्व बाँडफाँड - प्रदेश सरकार - नगद | ४८३३००. |
| २६ | गाउँपालिका अध्यक्ष शैक्षिक सुधार कार्यक्रम | २५३११ | गण्डकी प्रदेश - समानिकरण अनुदान | २००००००. |
| २७ | अति विपन्न तथा जेहेन्दार विद्यार्थी छात्रवृत्त | २७२११ | राजस्व बाँडफाँड - प्रदेश सरकार - नगद | १०००००. |
| २८ | प्राविधिक शिक्षा छात्रवृत्ति कार्यक्रम | २७२११ | राजस्व बाँडफाँड - प्रदेश सरकार - नगद | २५००००. |
| कुल जम्मा | | | | १४०२६३००. |

| आ.व. : २०८२/८३ बजेट उपशीर्षक : स्वास्थ्य शाखा | | | | |
|---|---|---|---|---|
| क्र.सं. | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | खर्च शीर्षक | स्रोत | जम्मा |
| ८०४४५५०६१०६ स्वास्थ्य शाखा | | | | |
| १ | प्रयोगशाला तथा सामुदायिक स्वास्थ्य इकाई कर्मचारी पोशाक | २११२१ | राजस्व बाँडफाँड - सङ्घीय सरकार - नगद | १५००००. |
| २ | महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका स्वास्थ्य विमा ५० प्रतिशत छुट | २१२१९ | | ११०२५०. |
| ३ | महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका सञ्चार खर्च | २२११२ | | ३४२३००. |
| ४ | महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका सञ्चार खर्च | २२११२ | | ३५७००. |
| ५ | फर्म फरमेट तथा ओ पि डी टिकट छपाई | २२३१५ | आन्तरिक श्रोत - नगद | ५००००. |
| ६ | प्रयोगशाला तथा सामुदायिक स्वास्थ्य इकाई कर्मचारी तलब भत्ता | २२४१३ | राजस्व बाँडफाँड - सङ्घीय सरकार - नगद | ४६४१९७५. |
| ७ | स्वास्थ्यकर्मीहरूको क्षमता विकास कार्यक्रम | २२५११ | | २०००००. |
| ८ | प्रयोगशाला परीक्षण कार्यक्रम | २२५२२ | राजस्व बाँडफाँड - प्रदेश सरकार - नगद | २०००००. |
| ९ | बाल पोषण कार्यक्रम | २२५२२ | राजस्व बाँडफाँड - सङ्घीय सरकार - नगद | १०००००. |
| १० | मृगौला परीक्षण कार्यक्रम | २२५२२ | | ३०००००. |
| ११ | महामारी पुर्वतयारी तथा VPD Surveillance | २२५२२ | राजस्व बाँडफाँड - प्रदेश सरकार - नगद | ५००००. |
| १२ | महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका सम्मानजनक विदाइ | २२५२२ | | ६००००. |
| १३ | विद्यार्थी स्वास्थ्य शिक्षा तथा स्वास्थ्य परीक्षण कार्यक्रम | २२५२२ | राजस्व बाँडफाँड - सङ्घीय सरकार - नगद | १०००००. |

| | | | | |
|---|---|---|---|---|
| १४ | स्वास्थ्य संस्थाहरूमा घुम्ती मासिक बैठक तथा सिकाई आदान प्रदान कार्यक्रम | २२५२२ | राजस्व बाँडफाँड - सङ्घीय सरकार - नगद | २०००००. |
| १५ | खोप तथा गाउँघर क्लिनिक सञ्चालन यातायात खर्च | २२६१२ | राजस्व बाँडफाँड - प्रदेश सरकार - नगद | १०००००. |
| १६ | स्वास्थ्य संस्था सञ्चालन अनुदान | २५३१२ | नेपाल सरकार - समानिकरण अनुदान | १०००००. |
| १७ | अति विपन्न मानसिक रोगीहरूको लागि औषधी राहत | २७२१३ | गण्डकी प्रदेश - समानिकरण अनुदान | ५००००. |
| १८ | निःशुल्क वितरणको लागि औषधी खरिद | २७२१३ | नेपाल सरकार - समानिकरण अनुदान | १२०००००. |
| १९ | सामुदायिक औषधी कार्यक्रम सोधभर्ना | २७२१३ | गण्डकी प्रदेश - समानिकरण अनुदान | २०००००. |
| २० | पाठेघर खसेका महिला तथा हाईड्रोसिल भएका मानिसहरूको अप्रेसन सहयोग | २७२१९ | राजस्व बाँडफाँड - प्रदेश सरकार - नगद | ५००००. |
| २१ | स्वास्थ्य शिविर | २७२१९ | | २५००००. |
| २२ | औषधी भण्डारणको लागि घरभाडा | २८१४२ | गण्डकी प्रदेश - समानिकरण अनुदान | १०८०००. |
